संविधानसभा

# प्रस्ताव निर्माण समितिको प्रतिवेदन

२०७१



व्यवस्थापिका-संसद सचिवालय

संविधानसभा

प्रस्ताव निर्माण समिति

सिंहदरवार, काठमाडौं, नेपाल

E-mail : prastabns@can.gov.np

## संविधानसभा

# प्रस्ताव निर्माण समितिको प्रतिवेदन

## २०७१

व्यवस्थापिका-संसद सचिवालय

**संविधानसभा**
प्रस्ताव निर्माण समिति
सिंहदरवार, काठमाडौं, नेपाल
**E-mail : prastabns@can.gov.np**

## प्राक्कथन

संविधानसभा, संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिले मिति २०७१/९/२९ मा असहमति रहेका संविधानका अन्तरवस्तुहरुमा सहमति कायम हुन नसकेको भन्ने व्यहोराको प्रतिवेदन पेश गरेकोले संविधानसभाको मिति २०७१/१०/११ गतेको बैठकले संविधानसभा नियमावली,२०७१ को नियम ८४ बमोजिम असहमति रहेका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गरी पेश गर्न सोही नियमावलीको नियम ९१ बमोजिम प्रस्ताव निर्माण समिति गठन गरेको थियो । समितिको नामावली अनुसूची-१ मा दिइएको छ ।

संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिका प्रतिवेदनहरु अध्ययन गरी असहमति रहेका संविधानका अन्तरवस्तुहरु पहिचान गरी त्यस्ता विषयहरु निर्णयार्थ संविधानसभामा प्रस्तुत गर्न सहज हुने गरी प्रश्न सहितको प्रस्ताव तयार गरी सो सम्बन्धी प्रतिवेदन संविधानसभामा पेश गर्ने यस समितिको कार्यक्षेत्र तोकिएको थियो ।

अध्यक्षको निर्देशनमा रही समिति आफैंले आफ्नो कार्यविधि व्यवस्थित गर्न सक्ने, समितिले आवश्यक देखेमा विशेषज्ञसहितका सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्ने र समितिको अन्य कार्यविधि संविधानसभा नियमावली,२०७० बमोजिम हुने व्यवस्था पनि आदेशमा उल्लेख गरिएको थियो ।

सभाले दिएको जिम्मेवारी पूरा गर्ने सन्दर्भमा प्रस्ताव निर्माण समितिको मिति २०७१/१०/१७ का दिन बसेको पहिलो बैठकले प्रश्न सहितको प्रस्ताव तयार गर्ने प्रयोजनको लागि कार्यविधि बनाउन माननीय श्री रमेश लेखकको संयोजकत्वमा सात सदस्यीय कार्यविधि निर्माण उपसमिति गठन गर्‍यो । उपसमितिले पनि तत्कालै कार्यारम्भ गरी मिति २०७१ साल माघ १८ गतेको समितिको बैठकमा कार्यविधिको मस्यौदा पेश गरेको र उपसमितिले पेश गरेको मस्यौदमाथि छलफल भै त्यसलाई अन्तिम रुप दिई समितिले त्यसलाई आफ्नो कार्यविधि बनाएको थियो ।

समितिले आफ्नो कार्यविधि बनाएपछि संविधानसभाको निर्णय बमोजिम असहमति रहेका संविधानका अन्तरवस्तु सम्बन्धी प्रश्न सहितको प्रस्तावको मस्यौदा तयार गरी समितिमा पेश गर्न माननीय श्री अग्निप्रसाद खरेलको संयोजकत्वमा नौ सदस्यीय प्रस्ताव मस्यौदा उपसमिति गठन गरेको थियो । प्रस्ताव मस्यौदा उपसमितिले प्रश्न सहितको प्रस्ताव तयार गर्दा समितिले बनाएको कार्यविधिलाई आधार बनाएको थियो । संविधानको अन्तरबस्तुमा रहेका असहमतिका विषयहरु, संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको प्रतिवेदन, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिका प्रतिवेदनहरुमा उल्लेखित असहमतिका विषयहरु, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिवाट प्रतिवेदन साथ संविधानसभामा प्रस्तुत गरिएका असहमतिका विषयमा विषयगत रुपमा विभिन्न राजनीतिक दल र माननीय सदस्यहरुवाट प्रस्तुत भएका संविधानका अन्तरबस्तु सम्बन्धी अवधारणा सहितका विषयहरुलाई आधार बनाएको थियो । समितिले आफ्नो कार्य सम्पादन गर्ने क्रममा विगतमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनहरुका भावना र सोबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न सबै राजनीतिक दलहरुको सहमतिमा निर्माण भएको नेपालको अन्तरिम संविधान,२०६३ ले प्रत्याभूत गरी पहिलो संविधानसभाको प्रथम बैठकबाट पारित भएका संघीय लोकतान्त्रिक

गणतन्त्र, धर्म निरपेक्षता र समावेशिताको प्रतिकूल नहुने गरी असहमतिका विषयमा सैद्धान्तिक प्रश्नावली सहितको प्रस्ताव निर्माण गर्ने व्यवस्था गरेको थियो । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता र समावेशिता वारे कुनै दल वा माननीय सदस्यको फरक मत भएमा त्यस्तो फरक मत प्रतिवेदनमा उल्लेख गर्न सकिने व्यवस्था मिलाएको थियो । समितिले प्रश्न सहितको प्रस्ताव निर्माण गर्दा कार्यविधि निर्माण र प्रस्ताव मस्यौदा उपसमितिहरुको विवरण क्रमशः अनुसूची-२ र अनुसूची-३ मा दिइएको छ ।

संविधान अभिलेख अध्ययन तथा निक्यौंल समितिको प्रतिवेदनको तथा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समिति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति, न्याय प्रणाली सम्बन्धी समिति, राज्यको शासकीय स्वरुप निर्धारण समिति र राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिमा रहेका असहमतिहरुलाई सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गरिएको थियो । यी विभिन्न दस्तावेजहरुको अध्ययनबाट असहमतिका विषय १०३ निक्यौंल गरिएको छ । यसै असहमतिका विषयको आधारमा २३२ वटा प्रश्नहरुको प्रस्ताव तयार गरिएको छ । यसको विवरण अनुसूची-५ मा दिईएको छ ।

उपसमितिले तयार गरी पेश गरेको प्रश्न सहितको प्रस्तावलाई समितिमा छलफल गरी त्यसलाई परिमार्जन सहित पारित गरिएको थियो । सहमति कायम हुन नसकेका विषयहरुमा संविधानसभामा निर्णयार्थ पेश गर्न सजिलो हुने गरी तयार गरिएको प्रश्न सहितको यो प्रस्तावले संविधान निर्माणको काममा सहज हुने विश्वाससाथ यो प्रतिवेदन पेश गरेको छु ।

यो प्रतिवेदन तयार गर्ने कार्यमा पुऱ्याउनु भएको सहयोगको लागि समितिका सम्पूर्ण माननीय सदस्यहरु, कार्यविधि निर्माण उपसमिति र प्रस्ताव मस्यौदा उपसमितिका मा.संयोजक तथा माननीय सदस्यहरु, विषयविद् तथा विज्ञहरु, सचिवालय र समितिका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

मिति: २०७१/१०/२६

(कूलबहादुर गुरुङ्ग)
जेष्ठ सदस्य

## विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| १. प्रस्तावना सम्वन्धी प्रस्ताव | १ |
| २. संविधान संशोधन सम्वन्धी प्रस्ताव | ३ |
| ३. मौलिक अधिकार सम्वन्धी प्रस्ताव | ५ |
| ४. व्यवस्थापिकीय अङ्गको स्वरुप सम्वन्धी प्रस्ताव | ६ |
| ५. संवैधानिक निकाय सम्वन्धी प्रस्ताव | १५ |
| ६. न्याय प्रणाली सम्वन्धी प्रस्ताव | १९ |
| ७. राज्यको शासकीय स्वरुप सम्वन्धी प्रस्ताव | २५ |
| ८. राज्यको पुनर्संरचना सम्वन्धी प्रस्ताव | ३१ |
| ९. संगतीपूर्ण बनाउने सम्वन्धी प्रस्ताव | ४९ |
| १०. फरकमतहरु | ५० |


### अनुसूचीहरु


| | |
| --- | --- |
| अनुसूची-१ : प्रस्ताव निर्माण समितिका माननीय सदस्यहरुको नामावली | ६३ |
| अनुसूची-२ : कार्यविधि निर्माण उपसमितिका माननीय सदस्यहरुको नामावली | ६४ |
| अनुसूची-३ : प्रस्ताव मस्यौदा उपसमितिका मा. सदस्यहरुको नामावली | ६४ |
| अनुसूची-४: प्रस्ताव निर्माण समितिको कार्यविधि,२०७१ | ६५ |
| अनुसूची-५ : असहमतिका विषय र प्रश्नावलीको संख्या सम्वन्धी विवरण | ६७ |
| अनुसूची-६ : प्रस्ताव निर्माण समितिको वैठक सम्वन्धी विवरण | ६८ |
| अनुसूची-७ : कार्यविधि निर्माण उपसमितिको वैठक सम्वन्धी विवरण | ७० |
| अनुसूची-८ : प्रस्ताव मस्यौदा उपसमितिको वैठक सम्वन्धी विवरण | ७१ |
| अनुसूची-९ : समितिको कार्यमा संलग्न कर्मचारीहरुको नामावली | ७३ |

## १. प्रस्तावना सम्बन्धी प्रस्ताव

संविधान अभिलेख अध्ययन तथा निक्र्योल समितिको प्रतिवेदनको आधारमा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको मस्यौदाको अनुच्छेद ३, ६ र ७ मा असहमति रहेको भनी सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गर्दा प्रस्तावना सम्बन्धी कुनै पनि विषयमा सहमति कायम हुन सकेको देखिदैन । अतः प्रस्तावना सम्बन्धमा असहमति रहेका विषय र त्यसलाई निर्णयार्थ संविधानसभामा पेश गर्नको लागि आवश्यक प्रश्न सहितको प्रस्ताव देहाय बमोजिम तयार गरी पेश गरिएको छ :-

**असहमतिका विषय**

१. प्रस्तावनाको अनुच्छेद ३ मा "माओवादी जनयुद्ध लगायत सबै आन्दोलनको नाम उल्लेख गर्ने वा माओवादी जनयुद्ध लगायत सबै आन्दोलनको नाम व्याख्यात्मक टिप्पणीमा राख्ने वा माओवादी जनयुद्ध व्याख्यात्मक टिप्पणीमा पनि नराख्ने ?"

२. प्रस्तावनाको अनुच्छेद ६ मा "जनताको" र "समानुपातिक समावेशी" भन्ने शब्दहरुको सट्टा "बहुलवादमा आधारित" भन्ने शब्दहरु राख्ने वा नराख्ने ?

३. अनुच्छेद ७ मा आत्म निर्णयको अधिकारको परिभाषा, सोको प्रयोगको विधि र यस अन्तर्गत गर्न पाइने र नपाइने कुराहरु स्पष्ट पारेर परिमार्जन गर्नु पर्ने वा नपर्ने ?

**संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्वन्धी प्रस्ताव**

१. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको मस्यौदाको अनुच्छेद ३ को सट्टा देहायको अनुच्छेद ३ राखिएको छ : ***"राष्ट्रिय हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्ष, त्याग र वलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै,"***

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको व्याख्यात्मक टिप्पणीमा ***"अनुच्छेद ३ मा रहेको ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्ष भन्नाले वि.सं.१९९७ साल, २०१८ साल, २०२८ साल, २०३५।०३६ साल, २०४२ साल, २०४६ सालमा भएका संघर्ष एवं आन्दोलनहरु र वि.सं. २०६२।०६३ सालमा भएको ऐतिहासिक जनआन्दोलन, माओवादीको जनयुद्ध, मधेश आन्दोलन, जनजाती आन्दोलन, थरुहट आन्दोलन, महिला, दलित, मजदुर, किसान, युवा, विद्यार्थी, मुस्लिम लगायत समाजका विभिन्न तह र तप्काका जनताले गरेका सम्पूर्ण ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्षलाई जनाउँछ ।"*** भन्ने व्यहोरा थपिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उपर्युक्त वुँदा नं १ को प्रस्ताव पारित नभएमा निम्न लिखित वुँदा नं ३ को प्रस्ताव निर्णयार्थ राख्नुपर्ने**

३. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको मस्यौदाको अनुच्छेद ३ मा रहेको "मधेश आन्दोलन" पछि "जनयुद्ध, थरुहट आन्दोलन, खम्बुआन आन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित आन्दोलन, मुस्लिम आन्दोलन" भन्ने शब्दहरु थप गरिएको छ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको मस्यौदाको अनुच्छेद ६ को प्रारम्भमा रहेको **"जनताको"** भन्ने शब्द र सोही अनुच्छेदमा रहेका **"समानुपातिक समावेशी"** भन्ने शब्दहरु झिकी उक्त अनुच्छेदको प्रारम्भमा **"बहुलवादमा आधारित"** भन्ने शब्दहरु राखिएका छन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको मस्यौदाको अनुच्छेद ७ मा रहेको **"आत्मनिर्णयको अधिकार"** भन्ने शब्दहरु झिकिएका छन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त प्रस्तावमा हुन्न भन्ने निर्णय भई प्रस्तावनामा "आत्मनिर्णयको अधिकार" कायम रहेमा निम्न लिखित बुँदा नं ६ को प्रस्ताव निर्णयार्थ पेश गर्नु पर्ने**

६. आत्मनिर्णयको अधिकारको परिभाषा, यसको प्रयोग विधि र यस अन्तर्गत गर्न पाइने र नपाइने कुराहरु स्पष्ट गरी संविधानको परिभाषा र व्याख्या सम्बन्धी भागमा राख्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

७. प्रस्तावनामा "राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अर्थतन्त्रलाई कुण्ठित गराउने सबै प्रकारका बैदेशिक शोषण, उत्पीडन वा प्रभुत्वको अन्त गरी राष्ट्रियता र सार्वभौमिकताको संरक्षण गरिनेछ र राष्ट्रिय अर्थतन्त्रको विकास गरिनेछ ।"भन्ने वाक्य थप गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

## २. संविधान संशोधन सम्बन्धी प्रस्ताव

संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको प्रतिवेदनको आधारमा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी मस्यौदाको धारा ८ को उपधारा (१) र उपधारा (७) मा असहमति रहेको भनी सहमति कायम गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गर्दा उक्त धारा ८ को उपधारा (७) को विषयमा सहमति कायम भए पनि उपधारा (१) को विषयमा सहमति कायम हुन सकेको देखिदैन । अतः संविधान संशोधन सम्बन्धी व्यवस्थाका सम्बन्धमा असहमति रहेका विषय र त्यसलाई निर्णयार्थ संविधानसभामा पेश गर्नको लागि आवश्यक प्रश्न सहितको प्रस्ताव देहाय बमोजिम तयार गरी पेश गरिएको छ :-

**असहमतिको विषय**

१ देहायको विषयको प्रतिकूल असर पर्ने गरी संविधान संशोधन हुन नसक्ने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

क) सार्वभौमसत्ता
ख) राष्ट्रिय स्वाधीनता
ग) संघीयता
घ) बहुलवाद
ङ) धर्म निरपेक्षता
च) स्थानीय स्वायत्तता र स्वशासन,
छ) समानुपातिक समावेशी
ज) आदिवासीको अग्राधिकार

**संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्वन्धी प्रस्ताव**

१. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेका **"जनतामा निहित सार्वभौमसत्ता"** भन्ने शब्दहरु झिकिएको छ ।

   यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेका गणतन्त्रात्मक व्यवस्था भन्ने शब्दहरु पछि **"राष्ट्रिय स्वाधीनता"** भन्ने शब्दहरु थपिएको छ ।

   यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३. तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेका बहुदलीय प्रतिष्पर्धा भन्ने शब्दहरु पछि **"संघीयता"** भन्ने शब्द थपिएको छ ।

   यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४. तत्कालीन **संविधानसभा** अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेको **"बहुलवाद"** भन्ने शब्द झिकिएको छ ।

**यस प्रस्तावको पक्षमा** हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन **चाहने माननीय सदस्यहरुले मत दिन्न** भन्नुहोला ।

५. तत्कालीन **संविधानसभा** अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेका बहुदलीय प्रतिस्पर्धा भन्ने शब्दहरु पछि **"धर्म निरपेक्षता"** भन्ने शब्दहरु थपिएको छ ।

**यस प्रस्तावको पक्षमा** हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने **माननीय सदस्यहरुले मत दिन्न** भन्नुहोला ।

६. तत्कालीन **संविधानसभा** अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेका "बहुदलीय प्रतिस्पर्धा" भन्ने शब्दहरु पछि **"स्थानीय स्वायत्तता र स्वशासन" भन्ने शब्दहरु** थपिएको छ ।

**यस प्रस्तावको पक्षमा** हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने **माननीय सदस्यहरुले मत दिन्न** भन्नुहोला ।

७. तत्कालीन **संविधानसभा** अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेका "बहुदलीय प्रतिस्पर्धा" भन्ने शब्दहरु पछि **"समानुपातिक समावेशी"** भन्ने शब्दहरु थपिएको छ ।

**यस प्रस्तावको पक्षमा** हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन **चाहने माननीय सदस्यहरुले मत दिन्न** भन्नुहोला ।

८. तत्कालीन **संविधानसभा** अन्तर्गतको संवैधानिक समितिको प्रतिवेदनमा रहेको संविधान संशोधन सम्बन्धी धारा ८ को उपधारा (१) मा रहेका "बहुदलीय प्रतिस्पर्धा" भन्ने शब्दहरु पछि **"आदिवासीको अग्राधिकार"** भन्ने शब्दहरु थपिएको छ ।

**यस प्रस्तावको पक्षमा** हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन **चाहने माननीय सदस्यहरुले मत दिन्न** भन्नुहोला ।

## ३.मौलिक अधिकार सम्बन्धी प्रस्ताव

संविधान अभिलेख अध्ययन तथा निर्क्योल समितिको प्रतिवेदनको आधारमा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मौलिक हक सम्बन्धी मस्यौदाको धारा ५ न्याय सम्बन्धी हकको उपधारा (४), धारा १० सम्पत्ति सम्बन्धी हक, धारा २८ सामाजिक न्यायको हक र निर्देशक सिद्धान्त सम्बन्धी धाराको उपधारा (१) मा असहमति रहेको भनी सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गर्दा अन्य विषयमा सहमति कायम भएपनि धारा २८, सामाजिक न्यायको हकमा थप गर्न प्रस्तावित उपधारा (१२) को विषयमा सहमति कायम हुन सकेको देखिदैन । अतः मौलिक अधिकार सम्बन्धी व्यवस्थाका सम्बन्धमा असहमति रहेका विषय र त्यसलाई निर्णयार्थ संविधानसभामा पेश गर्नको लागि आवश्यक प्रश्न सहितको प्रस्ताव देहाय बमोजिम तयार गरी पेश गरिएको छ :-

**असहमतिको विषय**

१. आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हकहुने व्यवस्था थपगर्ने वा नगर्ने ?

**संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्वन्धी प्रस्ताव**

१. तत्कालीन संविधानसभा अन्तर्गतको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनको धारा २८ मा रहेको सामाजिक न्यायको हक अन्तर्गतको उपधारा (११) पछि देहायको उपधारा (१२) थपिएको छ : "(१२) आदीवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**हुन्छ भन्ने प्रस्ताव पारित भएमा मात्र निम्न लिखित बुँदा नं २ को प्रस्ताव निर्णयार्थ राख्नु पर्ने**

२. तत्कालीन संविधानसभा अन्तर्गतको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनको धारा २८ मा रहेको सामाजिक न्यायको हक अन्तर्गतको उपधारा (११) पछि थपिएको उपधारा (१२) मा उल्लिखित "आदीवासी", "स्थानीय समुदाय" र "अग्राधिकार" शब्दावलीको परिभाषा गरी संविधानको परिभाषा र व्याख्या सम्बन्धी भागमा राख्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

## ४. व्यवस्थापिकीय अङ्गको स्वरुप सम्बन्धी प्रस्ताव

संविधान अभिलेख अध्ययन तथा निक्यौल समितिको प्रतिवेदनको आधारमा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १ व्यवस्थापिकाको गठन, धारा ३ प्रतिनिधिसभाको गठन, धारा ४ राष्ट्रियसभाको गठन, धारा ५ सदस्यको योग्यता, धारा ७ स्थानको रिक्तता, धारा ८ सपथ, धारा १० राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्ष, धारा १४ बहसमा बन्देज, धारा १७ महाभियोग/विश्वासको मत, धारा १८ मन्त्रीले दुवै सदनको बैठकमा भाग लिन पाउने, धारा २२ समिति, धारा २३ संयुक्त समिति, धारा ३० अध्यादेश, धारा ४२ प्रदेश व्यवस्थापिकाको गठन, धारा ४४ प्रदेश सभाको गठन, धारा ४५ प्रदेशसभाको सदस्यको लागि योग्यता, धारा ४७ स्थानको रिक्तता, धारा ४८ सपथ, धारा ५३ बहसमा बन्देज, धारा ५६ महाभियोग/विश्वासको मत र धारा ६८ अध्यादेश सम्बन्धी व्यवस्थामा असहमति रहेको भनी सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गर्दा धेरै विषयमा सहमति कायम भएपनि धारा १ को व्यवस्थापिका-संसद नामाकरणको विषयमा, धारा ३ मा प्रतिनिधिसभाको सदस्य संख्या र निर्वाचन प्रणालीको विषयमा, धारा ४ को राष्ट्रियसभामा प्रदेशबाट निर्वाचित हुने सदस्य संख्याको विषयमा, धारा ३० को उपधारा (१) मा रहेको "सन्तुष्ट भएमा" र "आवश्यक ठानेमा" भन्ने शब्दहरुको सम्बन्धमा, धारा ४४ को प्रदेशसभाको सदस्य संख्या र निर्वाचन प्रणालीको विषयमा र धारा ६८ को उपधारा (१) मा रहेको "सन्तुष्ट भएमा" र "आवश्यक ठानेमा" भन्ने शब्दहरुमा सहमति कायम हुन सकेको देखिदैन । अतः व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण सम्बन्धी व्यवस्थाका सम्बन्धमा असहमति रहेका विषय र त्यसलाई निर्णयार्थ संविधानसभामा पेश गर्नको लागि आवश्यक प्रश्न सहितको प्रस्ताव देहाय बमोजिम तयार गरी पेश गरिएको छ :-

**असहमतिका विषय**

१. संघीय व्यवस्थापिकाको नामाकरण गर्दा "संसद" भन्ने वा "व्यवस्थापिका-संसद" भन्ने ?

२. प्रत्येक सदनमा सदस्य संख्या कति रहने ?

३. संघीय तहको व्यवस्थापिकामा देहायका मध्ये कुन निर्वाचन प्रणाली अवलम्बन गर्ने ?

(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली,

(ख) मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्य समानुपातिक),

(ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक),

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली,

(ङ) पूर्ण-समानुपातिक निर्वाचन प्रणाली ।

४. प्रदेश व्यवस्थापिकामा सदस्य संख्या कति हुने ?

५. विभिन्न तहका व्यवस्थापिकामा महिला लगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ?

६. प्रदेश व्यवस्थापिकामा कुन निर्वाचन प्रणाली बमोजिम निर्वाचन हुने ?

(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली,

(ख) मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्यसमानुपातिक),

(ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक),

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली,

(ङ) पूर्ण-समानुपातिक निर्वाचन प्रणाली ।

**संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्बन्धी प्रस्ताव**

१. संघीय व्यवस्थापिकाको नामाकरण "व्यवस्थापिका-संसद" गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

संघीय व्यवस्थापिकाको नामाकरण "संघीय संसद" गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

संघीय व्यवस्थापिकाको नामाकरण "व्यवस्थापिका" गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

संघीय व्यवस्थापिकाको नामाकरण "संसद" गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२. प्रतिनिधिसभामा १५१ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभामा १६५ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभामा २३५ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभामा २४० जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३. राष्ट्रियसभामा ३५ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

राष्ट्रियसभामा ५१ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

राष्ट्रियसभामा ६५ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

राष्ट्रियसभामा ७५ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

राष्ट्रियसभामा १२० जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४. प्रतिनिधिसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणाली अवलम्वन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**यो प्रस्ताव पारित भएमा देहाय बमोजिमको बुंदा नं. ५ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

५. प्रतिनिधिसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणाली अवलम्वन गरिएमा महिला, दलित र अल्पसंख्यक समुदायको उचित प्रतिनिधित्वको लागि विशेष व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुंदा नं. ४ को प्रस्ताव पारित नभएमा देहाय बमोजिमको बुंदा नं. ६ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

६. प्रतिनिधिसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वुँदा नं ६ को प्रस्ताव पारित भएमा देहाय बमोजिमको प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

प्रतिनिधिसभाको कुल सदस्यमध्ये ८० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र २० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभाको कुल सदस्यमध्ये ७० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ३० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभाको कुल सदस्यमध्ये ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ४० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभाको कुल सदस्यमध्ये ५० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभाको कुल सदस्यमध्ये ४० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ६० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।



व्यवस्थापिका-संसद सचिवालय

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुंदा नं. ६ को प्रस्ताव पारित नभएमा देहाय बमोजिमको प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

७. प्रतिनिधिसभाको निर्वाचनमा बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभाको निर्वाचनमा मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली (MMPR) अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रतिनिधिसभाको निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

८. राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट बराबरी संख्यामा सदस्यले प्रतिनिधित्व गर्नेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

९. प्रदेशसभा सदस्यको निर्वाचनको लागि प्रतिनिधिसभाको निर्वाचनको निमित्त निर्धारित एक निर्वाचन क्षेत्र बराबर दुई निर्वाचन क्षेत्र रहने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१०. बुँदा नं ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशसभामा कम्तीमा २० जना र बढीमा ५० जना सदस्य रहने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुंदा नं. ९ को प्रस्ताव पारित नभएमा देहाय बमोजिमको बुंदा नं. ११ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछ ।**

११. प्रदेशसभामा ३५ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

प्रदेशसभामा जनसंख्याको आधारमा २० देखि बढीमा ५० जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

प्रदेशसभामा जनसंख्याको आधारमा २५ देखि बढीमा ७५ जना सदस्य रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रदेशसभामा ५० हजार जनसंख्या बराबर एक सदस्य रहने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१२. प्रदेशसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वुँदा नं. १२ को प्रस्ताव पारित भएमा देहाय बमोजिमको बुंदा नं. १३ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

**१३.** प्रदेशसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणाली अवलम्बन गरिएमा महिला, दलित र अल्पसंख्यक समुदायको उचित प्रतिनिधित्वको लागि विशेष व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुंदा नं. १२ को प्रस्ताव पारित नभएमा देहाय बमोजिमको प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

१४. प्रदेशसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुँदा नं. १४ को प्रस्ताव पारित भएमा देहाय बमोजिमको प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

प्रदेशसभाको कुल सदस्यमध्ये ८० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र २० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रदेशसभाको कुल सदस्यमध्ये ७० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ३० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रदेशसभाको कुल सदस्यमध्ये ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ४० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रदेशसभाको कुल सदस्यमध्ये ५० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रदेशसभाको कुल सदस्यमध्ये ४० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र ६० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुंदा नं. १४ को प्रस्ताव पारित नभएमा देहाय बमोजिमको बुंदा नं.१५ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

१५. प्रदेशसभाको निर्वाचनमा बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रदेशसभाको निर्वाचनमा मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली (MMPR) अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

प्रदेशसभाको निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१६. सबै तहको निर्वाचनमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था अन्तर्गत हालको समावेशी समूह (Clusters) हरुको अतिरिक्त उत्पीडित वर्ग (मजदुर किसान, सर्वहारा श्रमजिवी) को प्रतिनिधित्वको लागि गरिबीको रेखामुनी रहेको जनसंख्यालाई पनि सोही अनुपातमा समावेशीकरण अन्तर्गत एउटा समूह (Cluster) को रुपमा अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१७. समानुपातिक समावेशी प्रतिनिधित्व गराउँदा लामो समय देखि अत्यधिक उत्पीडनमा परेको समुदायको समुचित प्रतिनिधित्वको व्यवस्था मिलाउन महिलालाई ६० प्रतिशत र दलितलाई विद्यमान जनसंख्याको अनुपात भन्दा ५ प्रतिशत बृद्धि गरी प्रतिनिधित्व गराउने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१८. तत्कालीन संविधानसभा अन्तर्गतको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ३० मा रहेको अध्यादेश सम्बन्धी व्यवस्थाको उपधारा (१) मा रहेका "सन्तुष्ट भएमा" भन्ने शब्दहरु झिकिएका छन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१९. तत्कालीन संविधानसभा अन्तर्गतको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ३० मा रहेको अध्यादेश सम्बन्धी व्यवस्थाको उपधारा (१) मा रहेका "आवश्यक ठानेमा" भन्ने शब्दहरु झिकिएका छन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२०. तत्कालीन संविधानसभा अन्तर्गतको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ६८ मा रहेको प्रदेशको अध्यादेश सम्बन्धी व्यवस्थाको उपधारा (१) मा रहेका "सन्तुष्ट भएमा" भन्ने शब्दहरु झिकिएका छन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२१. तत्कालीन संविधानसभा अन्तर्गतको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ६८ मा रहेको प्रदेशको अध्यादेश सम्बन्धी व्यवस्थाको उपधारा (१) मा रहेका "आवश्यक ठानेमा" भन्ने शब्दहरु झिकिएका छन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

व्यवस्थापिका-संसद सचिवालय

## ५. संवैधानिक निकाय सम्बन्धी प्रस्ताव

संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको प्रतिवेदनको आधारमा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, लेखापरीक्षण आयोग, राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी मस्यौदामा रहेको पदाधिकारीको संख्या र नियुक्तिको प्रक्रिया सम्बन्धी व्यवस्था, प्रादेशिक व्यवस्थाको सम्बन्धमा र महिला आयोग, दलित आयोग, आदीवासी जनजाती आयोग, अपांगता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र एवं वर्गको हित संरक्षण आयोग, मधेशी आयोग र मुस्लिम आयोग सम्बन्धी मस्यौदामा असहमति रहेको भनी सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गर्दा अन्य विषयमा सहमति कायम भएपनि आदीवासी जनजाती आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र एवं वर्गको हित संरक्षण आयोग, मधेशी आयोग र मुस्लिम आयोगलाई संवैधानिक आयोगको रुपमा राख्ने वा नराख्ने विषय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लेखापरीक्षण आयोग र राष्ट्रिय मानव अधिकार आयोग को प्रादेशिक व्यवस्था कस्तो रहने भन्ने विषयमा सहमति कायम हुन सकेको देखिदैन । अतः संवैधानिक निकायको संरचना सम्बन्धी व्यवस्थाका सम्बन्धमा असहमति रहेका विषय र त्यसलाई निर्णयार्थ संविधानसभामा पेश गर्नको लागि आवश्यक प्रश्न सहितको प्रस्ताव देहाय बमोजिम तयार गरी पेश गरिएको छ :-

**असहमतिका विषय**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लेखापरीक्षण आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रादेशिक व्यवस्था कस्तो रहने ?
२. राष्ट्रिय वित्तिय आयोग संवैधानिक हुने वा कानूनमा व्यवस्था गर्ने ?
३. आदिवासी/जनजाति आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र एवं वर्गको हित संरक्षण आयोग, मधेशी आयोग, मुस्लिम आयोग, थारु आयोग र खस आर्य आयोगलाई संवैधानिक आयोगको रुपमा राख्ने वा नराख्ने?
४. भ्रष्टाचार नियन्त्रणका विषयमा जननिर्वाचित सरकारलाई जवाफदेही बनाउन के गर्ने ?

**संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्बन्धी प्रस्ताव**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लेखापरीक्षण आयोग र राष्ट्रिय मानव अधिकार आयोगले प्रदेशमा शाखा कार्यालय खोल्न सक्ने व्यवस्था गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२. यस संविधानमा अन्यत्र जुनसुकै व्यवस्था गरिएको भएपनि कुनै आयोगको विषय सम्बन्धी कार्यमा कुनै प्रदेशमा प्रादेशिक आयोग पनि रहेकोमा दुई आयोगको अधिकार क्षेत्रमा द्वन्द्व देखिएमा संघीय आयोगको अधिकार क्षेत्र कायम हुने गरी व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३. तत्कालीन संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समितिले प्रस्ताव गरे बमोजिमको राष्ट्रिय प्राकृतिक श्रोत आयोग र राष्ट्रिय वित्तिय आयोगलाई एकिकृत गरी एउटै संवैधानिक आयोगको रुपमा व्यवस्था गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुंदा नं. ३ को प्रस्ताव पारित नभएमा देहाय बमोजिमको बुंदा नं.४ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

४. तत्कालीन संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समितिले प्रस्ताव गरे बमोजिमको राष्ट्रिय वित्तिय आयोगलाई संवैधानिक आयोगको रुपमा स्थापना गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

तत्कालीन संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समितिले प्रस्ताव गरे बमोजिमको राष्ट्रिय वित्तिय आयोगलाई कानूनमा व्यवस्था गरी स्थापना गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५. तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको आदिवासी, आदिवासी/जनजाति आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र एवं वर्गको हित संरक्षण आयोग, मधेशी र मुस्लीम आयोग, थारु आयोग र खस आर्य आयोगको कार्यक्षेत्र एकिकृत गरी एउटै समावेशीकरण आयोगको व्यवस्था गर्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**बुंदा नं. ५ को प्रस्ताव पारित नभएमा देहाय बमोजिमको बुंदा नं., ६,७, ८, ९, १०, ११ र १२ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

६. तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको आदीवासी/जनजाती आयोगलाई संवैधानिक आयोग कै रुपमा राखिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको आदीवासी/जनजाती आयोगलाई कानूनमा व्यवस्था गरी स्थापना गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

७. तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र एवं वर्गको हित संरक्षण आयोगलाई **संवैधानिक आयोग** कै रुपमा राखिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र एवं वर्गको हित संरक्षण आयोगलाई कानूनमा व्यवस्था गरी स्थापना गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

८. तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको मधेशी आयोगलाई संवैधानिक आयोग कै रुपमा राखिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको मधेशी आयोगलाई कानूनमा व्यवस्था गरी स्थापना गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

९. तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको मुस्लिम आयोगलाई संवैधानिक आयोग कै रुपमा राखिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

तत्कालीन संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरे बमोजिमको मुस्लिम आयोगलाई कानूनमा व्यवस्था गरी स्थापना गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१०. थारु आयोगलाई संवैधानिक आयोगको रुपमा व्यवस्था गरी राख्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

थारु आयोगलाई कानूनमा व्यवस्था गरी राखिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

११. खस आर्य आयोगलाई संवैधानिक आयोगको रुपमा व्यवस्था गरी राख्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

खस आर्य आयोगलाई कानूनमा व्यवस्था गरी राखिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१२. नेपालका सबै जातजातीको अध्ययन र विश्लेषण गरी सूचीकृत गर्न नेपाल सरकारले एक उच्चस्तरीय जातजाती अध्ययन आयोग गठन गर्ने व्यवस्था संविधानको विविध भागमा राखिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१३. भ्रष्टाचार नियन्त्रणका विषयमा जननिर्वाचित सरकारलाई जवाफदेही बनाउन प्रधानमन्त्री कार्यालयको मातहत एक प्रभावकारी **निगरानी व्युरोको** व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त बुंदा नं. १३ को प्रस्ताव पारित भएमा देहायको प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने**

१४. यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यको अनुसन्धान गरी कारवाही गर्ने अधिकारक्षेत्र प्रधानमन्त्री कार्यालयको मातहतको निगरानी व्युरोको हुनेछ ।

## ६. न्याय प्रणाली सम्बन्धी प्रस्ताव्

संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको प्रतिवेदनको आधारमा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदनको धारा ५ मा रहेको सर्वोच्च अदालतको अधिकार नहुने विषय, धारा ६ मा रहेको सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको नियुक्ति, धारा १० को संघीय सर्वोच्च अदालतको अधिकारक्षेत्र, धारा १६ को उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति, धारा २६ को जिल्ला अदालतका न्यायाधीशको नियुक्ति, धारा २९ संघीय व्यवस्थापिका विशेष न्यायिक समिति, प्रदेश व्यवस्थापिका विशेष न्यायिक समिति र स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति र धारा ३२ को संक्रमणकालीन व्यवस्थाको सम्बन्धमा असहमति रहेको भनी सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गर्दा उल्लिखित कुनै पनि विषयमा सहमति कायम हुन सकेको देखिदैन । अतः न्याय प्रणालीका सम्बन्धमा असहमति रहेका विषय र त्यसलाई निर्णयार्थ संविधानसभामा पेश गर्नको लागि आवश्यक प्रश्न सहितको प्रस्ताव देहाय बमोजिम तयार गरी पेश गरिएको छ :-

**असहमतिका विषय**

१. राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष समितिलाई हुने वा न्यायपालिकालाई हुने ?

२. संविधानको व्याख्या, राष्ट्रिय सरोकारका विषय, मानव अधिकार तथा नागरिक सरोकारका विषय, राजनीतिक विषयहरुसँग सम्बन्धी मुद्दाको व्याख्या र निरुपण गर्न तथा संघ र प्रदेश तथा प्रदेश प्रदेश वीचका विवाद हेर्न अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ?

३. सर्वोच्च अदालतका न्यायाधीशको बर्खास्तगी र कारवाही व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट गर्ने वा कानून बनाई प्रभावकारी ढंगले गर्ने ?

४. सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति यस संविधान बमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्तिमध्येबाट गर्ने वा सर्वोच्च अदालतका न्यायाधीशहरुमध्येबाट मात्र गर्ने ?

५. प्रधानन्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरुको नियुक्तिको सिफारिस गर्ने संयन्त्र एउटै हुने वा अलग अलग हुने ?

६. राज्य/उच्च अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषद् जस्तो केन्द्रिय संयन्त्रबाट हुने ?

७. स्थानीय अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ?

८. राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरुको सरुवा हुने व्यवस्था संविधानमा गर्ने वा नगर्ने ?

**संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्बन्धी प्रस्ताव**

१. राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष समितिलाई हुने व्यवस्था गरिनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२. **केन्द्र र प्रदेश, प्रदेश र प्रदेश,** प्रदेश र स्थानीय तह **स्थानीय** तह र स्थानीय तहको बीच उत्पन्न अधिकारक्षेत्र सम्बन्धी विवाद, **प्रतिनिधिसभा,** राष्ट्रियसभा र प्रदेशसभाको निर्वाचन सम्बन्धी विवाद हेर्न संर्वोच्च अदालतमा **प्रधानन्यायाधीश र अन्य चारजना बरिष्ठतम् न्यायाधीश रहेको संवैधानिक इजलाशको व्यवस्था गरिनेछ ।**

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह स्थानीय तह र स्थानीय तहको बीच उत्पन्न अधिकारक्षेत्र सम्बन्धी विवाद, प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाको निर्वाचन सम्बन्धी विवाद हेर्न अलग्गै संवैधानिक अदालत रहनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह स्थानीय तह र स्थानीय तहको बीच उत्पन्न अधिकारक्षेत्र सम्बन्धी विवाद, प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाको निर्वाचन सम्बन्धी विवाद हेर्न प्रधान न्यायाधीश नै पदेन अध्यक्ष रहने गरी १० वर्षको लागि संवैधानिक अदालत गठन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

संविधान र कानूनको अन्तिम व्याख्या गर्ने, संविधानसँग कानून बाझिएको विषय हेर्न तथा केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह स्थानीय तह र स्थानीय तहको बीच उत्पन्न अधिकारक्षेत्र सम्बन्धी विवाद, प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाको निर्वाचन सम्बन्धी विवाद हेर्न संवैधानिक अदालत रहनेछ । संवैधानिक अदालतमा १० जना न्यायाधीशहरु रहनेछन् । ७ जना प्रतिनिधि सभाबाट र ३ जना राष्ट्रियसभाबाट निर्वाचित हुनेछन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**माथि बुंदा नं. १ मा सबै अधिकार क्षेत्र सर्वोच्च अदालतलाई हुने प्रस्ताव पारित भएमा देहायका बुंदाहरु निर्णयार्थ संविधानसभामा राखिने**

३ संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकारक्षेत्र सर्वोच्च अदालतलाई हुनेछ । सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४.सर्वोच्च अदालतको संवैधानिक इजलाशमा रहने न्यायाधीशको सिफारिस न्यायपरिषद्ले गर्नेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५. प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा र सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा संसदीय सुनुवाई सम्पन्न गरी राष्ट्रपतिबाट हुनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

६. न्याय परिषदमा प्रधानन्यायाधीश, संघीय कानून तथा न्यायमन्त्री, सर्वोच्च अदालतका बरिष्ठतम् न्यायाधीश दुई जना र नेपाल बारको सिफारिसमा संसदीय सुनुवाई सम्पन्न भई राष्ट्रपतिबाट नियुक्त भएको बरिष्ठ अधिवक्ता एक सहित पाँच जना रहने छन् ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

७. सर्वोच्च अदालतमा कम्तीमा ३ वर्ष काम गरेको सर्वोच्च अदालतको न्यायाधीश प्रधानन्यायाधीशमा नियुक्त हुन सक्नेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

८. उच्च अदालतका न्यायाधीशको नियुक्तीको सिफारिस न्यायपरिषदबाट हुनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

९. जिल्ला अदालतका न्यायाधीशको नियुक्ति संविधान बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुवीच न्याय परिषद्ले खुला प्रतियोगितात्मक परिक्षा लिई गर्नेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१०. सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशहरुलाई कार्यक्षमताको अभाव वा खराब आचरण वा पदिय दायित्व इमान्दारितापूर्वक पालना नगरेको अवस्थामा महाभियोगको सिफारिस गर्न प्रतिनिधिसभामा ११ सदस्यीय संसदीय न्यायिक समितिको व्यवस्था गरिनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

११. उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशले कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्व इमान्दारितापूर्वक पालना नगरेको वा अनुशासन पालना नगरेको समेतको अवस्थामा अनुसन्धान र छानविन गरी पदमुक्त लगायतका कानून बमोजिमको कारवाही गर्न संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात् राष्ट्रपतिबाट नियुक्त हुने पूर्व प्रधानन्यायाधीशमध्ये एक अध्यक्ष, सर्वोच्च अदालतका एक पूर्व न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको कानूनविद् तीन जना सदस्य रहेको एक न्यायिक जवाफदेही अभिबृद्धि तथा अनुसन्धान आयोग गठन गरिनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१२. प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको कुनै न्यायाधीश वा उच्च अदालतको कुनै मुख्य न्यायाधीश वा न्यायाधीश वा जिल्ला अदालतको कुनै न्यायाधीशमा शारिरीक वा मानसिक अस्वस्थताको कारण कार्यसम्पादन गर्न असमर्थ रहेको भन्ने प्रश्न उठेमा त्यस्तो प्रश्न उपर जाँचबुझ गरी जाँचबुझबाट सोको तथ्य प्रमाणित भएमा त्यस्तो न्यायाधीशलाई पदमुक्त गर्ने अधिकार न्यायिक जवाफदेही अभिवृद्धि तथा अनुसन्धान आयोगलाई हुनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१३. उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका न्यायाधीशको सरुवा न्याय परिषद्ले देशभरको सम्बन्धित तहको कुनै अदालतमा गर्न सक्नेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१४. संघीय संसद, प्रदेशसभा र स्थानीय व्यवस्थापिकामा विशेष न्यायिक समिति रहने छैन ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१५. उच्च अदालतका मुख्य न्यायाधीश वा न्यायाधीशलाई सम्बन्धित प्रदेशसभाले र जिल्ला अदालतका न्यायाधीशलाई सम्बन्धित स्थानीय व्यवस्थापिकाले महाभियोग लगाउन सक्ने छैनन् ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१६. प्रत्येक प्रदेशमा प्रादेशिक न्याय सेवा आयोग रहनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१७. उच्च अदालत आफ्नो एकलौटी अधिकारक्षेत्र भित्रका विषयको हकमा अभिलेख अदालत हुनेछ ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

१८. नेपालमा एक महान्यायाधिवक्ता रहनेछ । निजको मातहतमा एकजना महाभियोजनकर्ता रहनेछन् ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**माथि बुंदा नं. १ मा राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष समितिलाई हुने प्रस्ताव पारित भएमा देहायका १९ देखि २३ सम्मका बुंदाहरु निर्णयार्थ संविधानसभामा राखिने**

१९. सर्वोच्च अदालतका प्रधानन्यायाधीश एवं न्यायाधीशको नियुक्तिको सिफारिस तथा बर्खास्तगी र कारवाही संघीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२०. सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति यस संविधान बमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्तिमध्येबाट गर्न सकिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२१. उच्च अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिको सिफारिसमा प्रदेश प्रमुखबाट हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२२. स्थानीय अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिको सिफारिसमा स्थानीय अध्यक्षबाट हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२३. उच्च अदालतका न्यायाधीशको सरुवा हुने छैन । जिल्ला अदालतका न्यायाधीशको सरुवा सम्बन्धित प्रदेश भित्रका जिल्ला अदालतमा मात्र गर्न सकिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**निर्णयार्थ संविधानसभामा राखिने अन्य प्रश्न सम्बन्धी प्रस्ताव**

२४. सबै तहका न्यायाधीशहरु सम्बन्धित तहका न्यायाधीशबाट निर्वाचन गरी चयन हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२५. प्रत्येक प्रदेशको आ-आफ्नो अदालत हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२६. हालको जिल्ला अदालतको सट्टा मध्यस्थ अदालत गठन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२७. आदिवासी जनजातिहरुको प्रथाजनित कानून र न्याय प्रणालीलाई स्थानीय अदालतको मान्यता दिइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२८. संविधान जारी भएपछि हाल कायम सबै तहका सबै न्यायाधीशहरुको पुनर्नियुक्तिको व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

२९. सर्वोच्च अदालतका न्यायाधीशहरु संघीय न्याय सेवा आयोग (Federal Judicial service commission) को सिफारिसमा र उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरु प्रान्तीय न्याय सेवा आयोग (Provincial Judicial service commission) लिने खुला प्रतियोगिताको आधारमा नियुक्ति हुनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३०. न्यायपालिकाको संरचना गर्दा राज्यको अरु अंग समान हुने गरी संरचना गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३१. सबै तहका न्यायाधीशहरुको नियुक्ति समानुपातिक समावेशी हुने गरी गर्ने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

## ७. राज्यको शासकीय स्वरुप सम्बन्धी प्रस्ताव

संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको प्रतिवेदनको आधारमा संविधानसभाले तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदनमा रहेको उक्त समितिमा मतदान हुँदा १८ मत प्राप्त सहमतीय (प्रत्यक्षरुपमा निर्वाचित) राष्ट्रपति प्रणाली, १६ मत प्राप्त संबैधानिक राष्ट्रपति सहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली, ३ मत प्राप्त व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली र फरक मतको रुपमा रहेको आलंकारिक राष्ट्रपतीय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री हुने शासन प्रणाली र मन्त्रिपरिषद्को गठन विधि सम्बन्धमा असहमति रहेको भनी सहमति कायम गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएकोमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभामा पेश गरेका ६ वटै प्रतिवेदन अध्ययन गर्दा उल्लिखित कुनै पनि शासन प्रणालीमा सहमति कायम हुन सकेको देखिदैन । अतः शासन प्रणालीका सम्बन्धमा असहमति रहेका विषय र त्यसलाई निर्णयार्थ संविधानसभामा पेश गर्नको लागि आवश्यक प्रश्न सहितको प्रस्ताव देहाय बमोजिम तयार गरी पेश गरिएको छ :-

**असहमतिका विषय**

१. केन्द्रमा देहायका मध्ये कुन शासन प्रणाली अवलम्बन गर्ने ?
   (क) सहमतीय (प्रत्यक्षरुपमा निर्वाचित) राष्ट्रपति प्रणाली,
   (ख) संबैधानिक राष्ट्रपति सहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली,
   (ग) व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली,
   (घ) आलंकारिक राष्ट्रपतीय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री हुने शासन प्रणाली,

२. मन्त्रिपरिषद्को गठन विधि के हुने ?

**संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्बन्धी प्रस्ताव**

१. जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको राष्ट्रपति प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

### उक्त शासन प्रणाली पारित भएमा थप पारित गर्नु पर्ने सैद्धान्तिक विषय

२. वालिग मताधिकारको आधारमा भएको आम निर्वाचनमा खसेको कुल सदरमतको पूर्ण बहुमतले (पचास प्रतिशत र थप एक मत) निर्वाचित राष्ट्रपति हुनेछन् । राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ एउटै व्यक्ति दुई पटक भन्दा वढी राष्ट्रपति निर्वाचित हुन पाउने छैन । संविधानको अधिनमा रही ३५ वर्ष पूरा भएको र संघीय व्यवस्थापिकाको सदस्य हुन योग्य व्यक्ति राष्ट्रपति पदको उम्मेदवार हुन सक्नेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३. राष्ट्रपतिको निर्वाचनमा कुनै पनि उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न नसकेमा दुईभन्दा बढी उम्मेदवार भएकोमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारवीच दोस्रो चरणको निर्वाचन हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४. राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष, सरकार प्रमुख, नेपाली सेनाका परमाधिपति, नेपालको राष्ट्रियता र राष्ट्रिय एकताका प्रतीक हुनेछन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५. राष्ट्रपति कर्तव्यपालनाको सिलसिलामा नेपाल, नेपाली जनता र संघीय व्यवस्थापिकाप्रति जवाफदेही हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

६. राष्ट्रपतिले निजको अध्यक्षतामा तत्काल कायम रहेको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलले पाएको सिटसंख्याको अनुपातमा व्यवस्थापिकाका सदस्यहरुमध्येबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषद्को गठन गर्नेछ । ५ प्रतिशतभन्दा कम सदस्य भएको दलको तर्फबाट मन्त्री नियुक्त गरिने छैन र मन्त्रिपरिषदको संख्या व्यवस्थापिकाको कुल सदस्य संख्याको दश प्रतिशतभन्दा बढी हुने छैन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

७. खराब आचरण वा संविधानको गम्भीर उल्लंघन गरेको अभियोगमा राष्ट्रपति विरुद्ध राखेको महाभियोग प्रस्ताव संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट पारित भएमा राष्ट्रपति स्वतः पदमुक्त हुनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

८. राष्ट्रपतिको निर्वाचनको लागि तयार पछिल्लो मतदाता नामावलीमा कायम रहेका मतदाताहरुमध्ये हरेक प्रदेशबाट कम्तीमा १० प्रतिशत मतदाताले हस्ताक्षर गरी राष्ट्रपतिलाई फिर्ता बोलाउने प्रस्ताव पेश गरेमा उक्त प्रस्ताव संघीय व्यवस्थापिकामा पेश गरिनेछ । संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले उक्त प्रस्ताव पारित गरेमा राष्ट्रपति पदमुक्त हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

९. जुन उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुन्छ, उसैले प्रस्ताव गरेको व्यक्ति उपराष्ट्रपतिको रुपमा घोषित हुनेछ । उपराष्ट्रपतिको पदमुक्तिको अवस्था राष्ट्रपति सरह हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त प्रस्तावहरु पारित हुन नसकेमा देहायको प्रस्ताव निर्णयार्थ पेश गरिने**

१०. संवैधानिक राष्ट्रपतिसहित प्रतिनिधिसभामा बहुमत प्राप्त कार्यकारी प्रमुख प्रधानमन्त्री रहने संसदीय शासन प्रणाली अबलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त शासन प्रणाली पारित भएमा थप पारित गर्नु पर्ने सैद्धान्तिक विषय**

११. संघीय संसदका दुवै सदनका तत्काल कायम सदस्यहरु र प्रदेशका तत्काल कायम प्रदेशसभाका सदस्यहरु रहेको निर्वाचक मण्डलबाट खसेको कूल सदर मतको पूर्ण बहुमतले (पचास प्रतिशत र थप एक मत) निर्वाचित राष्ट्रपति र उपराष्ट्रपति रहनेछन् । राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ । संविधानको अधिनमा

रही ३५ वर्ष पूरा भएको र संघीय संसदको सदस्य हुन योग्य नेपाली नागरिक राष्ट्रपति, उपराष्ट्रपति पदको उम्मेदवार हुन सक्नेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१२. दुईभन्दा बढी उम्मेदवार भएकोमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा कुनै पनि उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारवीच दोस्रो चरणको निर्वाचन हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१३. नेपालको कार्यकारिणी अधिकार मन्त्रीपरिषद्मा रहनेछ । संविधानमा कुनै निकाय वा पदाधिकारीको सिफारिसमा राष्ट्रपतिले गर्ने भनी स्पष्ट उल्लेख गरिएको काम बाहेक यस संविधान बमोजिम राष्ट्रपतिले गर्ने सम्पूर्ण कामहरु मन्त्रिपरिषद्को सिफारिसमा गर्नु पर्नेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१४. राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष, राष्ट्रिय एकताका प्रतीक र नेपाली सेनाका परमाधिपति हुनेछन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१५. संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध संघीय संसदको कुनै सदनमा महाभियोग प्रस्ताव राख्न सकिनेछ । त्यस्तो प्रस्ताव संघीय संसदका दुवै सदनबाट दुई तिहाई बहुमतले पारित भएमा त्यस्तो राष्ट्रपति वा उपराष्ट्रपति स्वतः पदमुक्त हुनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१६. प्रतिनिधिसभामा एकल बहुमत प्राप्त वा अन्य दलको समर्थनमा बहुमत प्राप्त दलको नेता वा यी दुवै अवस्था विद्यमान नभएमा प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गरी निजको सिफारिसमा मन्त्रीपरिषद् गठन गर्नेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१७. प्रतिनिधिसभामा स्पष्ट बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री भएको स्थितिमा बाहेक अन्य अवस्थामा प्रधानमन्त्रीले ३० दिन भित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनु पर्नेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।



व्यवस्थापिका-संसद सचिवालय

१८. नयाँ संविधान जारी भएपछि आम निर्वाचन पश्चात् निर्वाचित हुने प्रधानमन्त्री विरुद्ध निर्वाचित भएको २ वर्षसम्म अविश्वासको प्रस्ताव राख्न सकिने छैन । बहुमत गुमाएको प्रश्न उठेमा भने प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनु पर्नेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१९. प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न परेमा प्रतिनिधिसभाका बहुमत सदस्यको हस्ताक्षर सहित बैकल्पिक प्रधानमन्त्रीको उम्मेदवार पनि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । एक पटक अविश्वासको प्रस्ताव पेश भएपछि उही प्रधानमन्त्री विरुद्ध एकवर्षको अवधि ननाघी पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

२०. मन्त्रिपरिषद्को संख्या संघीय संसदका दुवै सदनको कुल सदस्य संख्याको दश प्रतिशतभन्दा बढी हुने छैन । मन्त्रिपरिषद्का सदस्यहरु व्यक्तिगत र सामूहिक रुपमा संघीय संसदप्रति उत्तरदायी हुनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

२१. संघीय संसदको सदस्य नरहेको व्यक्ति मन्त्री नियुक्त भएमा निजले ६ महिनाभित्र संघीय संसदको कुनै सदनको सदस्यता प्राप्त गर्नुपर्नेछ । त्यसरी संघीय संसदको सदस्य हुन नसकेमा निज स्वतः पदमुक्त हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

**उक्त प्रस्ताव पारित हुन नसकेमा देहायको प्रस्ताव निर्णयार्थ पेश गरिने**

२२. संघीय व्यवस्थापिकाको तल्लो सदनको दुईतिहाई बहुमतबाट निर्वाचित राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष र कार्यकारी प्रमुख हुने शासन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

**उक्त शासन प्रणाली पारित भएमा थप पारित गर्नु पर्ने सैद्धान्तिक विषय**

२३. राष्ट्रपतिले संसदका सदस्यहरुमध्येबाट उपराष्ट्रपति र अन्य मन्त्रीहरु नियुक्त गर्नेछ । मन्त्रिपरिषद्को संख्या संघीय व्यवस्थापिकाका दुवै सदनको कुल सदस्य संख्याको पन्ध्र प्रतिशतभन्दा बढी हुने छैन । मन्त्रिपरिषदका सदस्यहरु व्यक्तिगत र सामूहिक रुपमा संसदप्रति उत्तरदायी हुनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

२४. संघीय व्यवस्थापिकाको तल्लो सदनको बहुमतले मन्त्रिपरिषद् विरुद्ध अविश्वासको प्रस्ताव पारित गरेमा राष्ट्रपतिले अर्को मन्त्रिपरिषद् गठन गर्नु पर्नेछ । राष्ट्रपति विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा मन्त्रिपरिषद भंग हुनेछ । प्रतिनिधिसभाले अर्को राष्ट्रपति निर्वाचित गर्नेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

**उक्त प्रस्ताव पारित हुन नसकेमा देहायका बुंदा नं. २५, २६ र २७ का प्रस्ताव क्रमशः निर्णयार्थ पेश गरिने**

२५. आलंकारिक राष्ट्रपतीय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री रहने प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

२६. जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसदबाट निर्वाचित प्रधानमन्त्री रहने मिश्रित शासन प्रणाली अवलम्बन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

२७. राष्ट्र प्रमुखको भूमिकामा एक अध्यक्षमण्डल रहनेछ । त्यसमा दलित, महिला, आदिवासी/जनजाति, तराई मधेशी र तागाधारी समुदायबाट एक एक जना गरी ५ जना रहनेछन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

२८. बुंदा नं. २५ वा २६ वा २७ बमोजिमको शासकीय स्वरुप पारित भएमा त्यसको विस्तृत मस्यौदा निर्माण गर्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

२९. राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित गर्ने निर्वाचक मण्डलमा स्थानीय व्यवस्थापिकाका सदस्य पनि रहने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

३०. राष्ट्रपति र उपराष्ट्रपतिमा एउटै व्यक्ति दुई पटकभन्दा बढी निर्वाचित हुन पाउने छैन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

३१. प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरु सरकारमा मन्त्री हुन पाउने छैनन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले मत दिन्न भन्नुहोला ।

१२. (फरकमत) उपधारा (१) मा "नेपाललाई" भन्ने शब्द पछि १४ र ६ अंक कायम गरी प्रदेश निर्माणका दुवै विकल्प प्रस्तुत गर्ने भनिएकोले के गर्ने ?

१३. सोही उपधाराको व्याख्यात्मक टिप्पणीमा तराई र मधेशमा विभक्त भएको छ भन्ने वाक्यांश पछाडि देहायका वाक्यहरु राखी परिमार्जन गर्ने वा नगर्ने ?

"यस विविधतापूर्ण अवस्थितिलाई ध्यान राखी नेपालमा सबैभन्दा पछिल्लो पटक लिएको २०५८ सालको औपचारिक जनगणनामा आधारित भई कुल संख्याको एक प्रतिशतभन्दा माथि रहेको जाति समुदाय र एक प्रतिशतभन्दा वढी जनताले बोल्ने भाषिक संख्याद्वारा निर्मित भौगोलिक क्षेत्रगत निरन्तरतामा रहेका झुण्डहरुलाई आधार बनाई मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन तयार भएको प्रारम्भिक मानव अवस्थिति वा क्षेत्र झुण्डहरु मध्ये ज्यादै कम संख्यामा मानव अवस्थितिको वा झुण्डहरुमा मात्र निश्चित जाति, समुदाय वा भाषिक वक्ताको वहुसंख्या देखियो । यस प्रकारको मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन वा झुण्डहरुको बसोवासको अवस्थाले गर्दा प्राय सबै ठाँउ, जाति, समुदाय वा भाषा-भाषिक हिसावले अत्यधिक मिश्रणमा रहेको पाइयो । तसर्थ एकल पहिचानको प्रदेश निर्माण गर्न एक दुई क्षेत्र अपवाद बाहेक प्रायः सबै क्षेत्रमा असमान जस्तै देखियो । प्रदेश निर्माण सम्बन्धी प्रयोगमा ल्याइएका सिद्धान्त एवं पहिचान र सामर्थ्यका स्वीकृत आधारमध्ये जाति, समुदाय वा भाषा बाहेकमा पहिचानका अन्य आधारित र सामर्थ्यका आधारलाई समेत प्रयोग गर्नुपर्ने अवस्था बन्यो । जस अनुसार निर्माण गरिने प्रदेशहरुको स्वायत्त र स्वशासनको अधिकार जिम्मेवारीलाई प्रयोग गर्न सक्ने गरी भौगोलिक तथा सांस्कृतिक निकटता र आर्थिक अन्तरसम्बन्ध र प्रशासनिक सुगमतालाई पनि दृष्टिगत गर्दै नेपालको एकात्मक स्वरुपलाई पुनर्संरचना गरी लोकतान्त्रिक गणतन्त्र नेपाललाई संघीय इकाईमा व्यवस्थित गर्न वैज्ञानिक र व्यवहारिक देखिएको हुँदा संविधानसभामा ६ र १४ दुबै विकल्पका नक्सा प्रस्तुत गर्ने गरी यो व्यवस्था गरिएको छ ।"

१४. उपधारा (१) मा 'चौध स्वायत्त प्रदेश' उल्लेख भएकोमा स्वायत्त प्रदेश वा प्रदेश मात्र उल्लेख गर्ने भन्ने सम्बन्धमा यसैको उपधारा (२) र (३) मा "प्रदेश" मात्र उल्लेख भएको हुंदा अस्पष्टता ल्याएकोले कसरी उल्लेख गर्ने ?

१५. चौध प्रदेशको पुनर्संरचना सम्बन्धमा यसको संख्या, नामाङ्कन र सिमाङ्कनका सम्बन्धमा फरकमतहरु आएको र सभामा छलफल हुंदा समेत माननीय सदस्यहरुको विचार फरक फरक रहेको हुँदा के गर्ने ?

१६. (फरकमत) उपधारा (२) मा रहेको व्यवस्थाको सट्टा निम्नानुसार व्यवस्था राख्ने वा नराख्ने ?
"उपधारा (१) बमोजिम निर्माण गरिने प्रदेशको नाम र क्षेत्रको निर्धारण पहिचान र सामर्थ्यका आधारमा संविधानसभाले गठन गरेको विशेषज्ञ कमिटीले तय गरे वमोजिम हुनेछ ।"

१७. उपधारा (३) - प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा संघीय बिधायिकाको समर्थन लिन पर्ने व्यवस्था गर्ने वा नगर्ने ?

१८. उपधारा ४ बमोजिम प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा भएको जनमत संग्रहवाट अनुमोदन भएमा स्वतः नाम परिवर्तन हुने व्यवस्था गर्ने वा नगर्ने ?

१९. प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा प्रस्तावित उपधारा (३) र (४) को व्यवस्था जटिल भएकाले यसलाई परिमार्जन गर्ने वा नगर्ने ?

२०. उपधारा (५) - प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा संघीय विधायिकाको दुई तिहाई मत जरुरी हुनु पर्ने वा नपर्ने ?

२१. प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा रहेको उपधारा (६) को व्यवस्थामा जनमत संग्रह मात्र राखी त्यसवाट अनुमोदन भए स्वतः प्रदेश गाभिने व्यवस्था हुनुपर्ने वा नपर्ने ?

२२. प्रदेशको निर्माणमा अन्यथा सहमति भएमा सो अनुसार प्रदेशको राजधानी परिवर्तन गरिनु पर्ने वा नपर्ने ?

२३. (फरकमत) प्रदेश निर्माणको व्याख्यात्मक टिप्पणीमा उल्लेखित "भूबनोटका हिसाबले हिमाल, पहाड, उपत्यका र तराई-मधेश विभक्त भएको छ।" भन्ने शब्दहरुको सट्टा "हिमाल, पहाड, तराई, भित्री तराई" भनी परिमार्जन गर्ने वा नगर्ने ? (पेज V)

२४. समग्र मधेशलाई एउटै प्रदेश कायम गर्ने वा नगर्ने ?

२५. संघको राजधानी फेर्न सम्भव छ वा छैन ?

२६. (फरकमत) संघको राजधानी दाङमा राख्ने वा नराख्ने ?

२७. गाउँपालिका र नगरपालिकाभन्दा माथि प्रदेशभन्दा तलको बिचमा प्रशासनिक इकाई आवश्यक हुने वा नहुने ?

२८. (फरकमत) उपधारा (१) को 'रुपमा' शब्दपछि 'जिल्ला तह' शब्द थप्नुपर्ने वा नपर्ने ?

२९. उपधारा (२), (३) र (४) मा रहेको व्यवस्थाको सट्टा स्थानीय तहको संख्या र क्षेत्र संविधान निर्माणसँगै र प्रदेशको निर्माणसँगै गरिनु पर्ने व्यवस्था राख्ने वा नराख्ने ?

३०. स्थानीय तहको संरचना गर्दा अपनाउने मापदण्ड संविधानमै तोकिई वैज्ञानिक तवरले गर्न खोजिएको तर सोही मापदण्डलाई प्रदेश निमार्णमा ध्यान नदिइएको भन्ने प्रश्न उठेकाले यसलाई कसरी सम्बोधन गर्ने ?

३१. (फरकमत) उपधारा (३) को पहिलो हरफमा रहेको "बमोजिम" भन्ने शब्द पछि रहेको "संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित" शब्दहरु हटाउने वा नहटाउने ?

३२. (फरकमत) उपधारा (६) मा रहेको 'प्रादेशिक' शब्द हटाउनुपर्ने वा नपर्ने ?

३३. (फरकमत) उपधारा (१) मा उल्लेखित वाक्यांशको सट्टामा देहाय बमोजिम लेख्ने वा नलेख्ने ?
"संविधानको धारा ४ बमोजिमको तहगत संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र आदिवासी जनजाति वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गरिनेछ।"

३४. उपधारा (१) - स्वायत्त क्षेत्र कायम गर्न सकिने भनी यस उपधारा (१) मा उल्लेख भएको भएतापनि सोको विपरित उपधारा (४) मा "अनुसूची-२ मा उल्लेख भए बमोजिमका स्वायत्त क्षेत्र" रहने कुरा उल्लेख गरिएको उक्त सूची अपूर्ण र अवैज्ञानिक रहेको र यिनको भौगोलिक अवस्थिति कहाँ रहेको भन्ने स्पष्ट नभएको भन्ने विचार आएको, साथै अरु क्षेत्र निर्माणको लागि आयोग गठन गर्न जरुरी ठानियो तर यी सूचीकृत क्षेत्र के आधारमा निर्माण गरियो भन्ने संम्बन्धमा पनि जिज्ञासाहरु आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

३५. उपधारा (२) र (३) बमोजिमका बिशेष क्षेत्र, संरक्षित क्षेत्र निर्वाचित वा मनोनीत के हुने भन्ने अस्पष्टता रहेको भन्ने प्रश्न उठेकोले के गर्ने ?

३६. (फरकमत) उपधारा (२), (३), (४) र (५) रहेको व्यवस्थालाई हटाउने वा नहटाउने ?

३७. (फरकमत) उपधारा (४) र (५) को सट्टा देहायबमोजिमको उपधारा (४) राखी व्याख्यात्मक टिप्पणी समेत परिमार्जन गर्ने वा नगर्ने ?
"(४) उपधारा (१), (२) र (३) बमोजिम विशेष संरचना निर्माण गर्दा संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रदेश सरकारले विषयगत विज्ञहरुको आयोग गठन गर्नेछ। धारा ५ को उपधारा (४) बमोजिम गठित आयोगको सिफारिस बमोजिम प्रादेशिक सरकारद्वारा प्रस्तुत प्रस्तावले प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई सदस्यहरुको समर्थन प्राप्त गरेपछि विशेष संरचनाको गठन गरिनेछ।"

३८. (फरकमत) उपधारा (४) मा रहेको "अनुसूची-२" भन्ने शब्द हटाउने वा नहटाउने ?

३९. (फरकमत) उपधारा (४) को सट्टा देहायको व्यवस्था राख्ने वा नराख्ने ?
"उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछन्। स्वायत्त क्षेत्रको सीमाङ्कन, नामाकरण प्रादेशिक सरकारले एक वर्षभित्रमा कानून बनाई निर्धारण गर्नेछ। त्यसको लागि प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ। आयोगको सिफारिशमा नाम र सीमा निर्धारण हुनेछन्।"

४०. उपधारा (७) मा रहेको विशेष संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानून बमोजिम हुने व्यवस्था हटाउने वा नहटाउने ?

४१. उपधारा (५) - स्थानीय तहलाई कानून बनाउने अधिकार दिनु उपयुक्त हुने वा नहुने ?

४२. प्रादेशिक कानुनसंग स्थानीय तहले वनाएको कानून वाभिएमा त्यस्ता कानून स्वतः निस्क्रीय हुने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

४३. (फरकमत) उपधारा (५), (६), (७), (८), (९) र (१०) को व्यवस्थालाई हटाउने वा नहटाउने ?

४४. उपधारा (११) - अवशिष्ट अधिकार प्रदेशलाई हुनुपर्ने गरी परिमार्जन गर्ने वा नगर्ने ? **यी विषयहरुलाई शासकीय स्वरुप, व्यवस्थापिका र न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदनसंग हेरेर सम्बोधन गर्नु पर्ने ।**

४५. अन्तरप्रादेशिक परिषद्मा विशेषज्ञहरु, स्वतन्त्र व्यक्तिहरु रहनुपर्ने, यो परिषद्मा राजनीतिक प्रकृतिका व्यक्ति मात्र रहने व्यवस्था गरियो, विवादको पक्ष समेत यो परिषद्मा रहने अवस्था आउने हुँदा प्रभावकारी हुन नसक्ने, यसमा कानूनमन्त्री समेत राख्नु पर्ने भन्ने मतहरु आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

४६. (फरकमत) उपधारा (११) को संघ र प्रदेश, प्रदेश र प्रदेश पछि रहेको प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु भन्ने शब्दहरु हटाउने वा नहटाउने ?

४७. उपधारा (११) देखि (१६) सम्म रहेको संबैधानिक अदालतको व्यवस्था न्याय प्रणाली सम्बन्धी समितिको प्रतिबेदनसँग मेल खाँदैन, यो विषय यसको क्षेत्राधिकार नभएको, यी दुबै समितिका प्रतिबेदनमा भएका व्यवस्था एकैसाथ राखी हेर्नुपर्छ भन्ने विचार आएको हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

४८. (फरकमत) उपधारा (१) मा "आदिवासी-जनजाति" शब्द पछि "स्थानीय तह र विशेष संरचनामा स्थायी रुपमा वसोवास गर्ने सबै नागरिकलाई" भन्ने शब्दहरु थप्ने वा नथप्ने ?

४९. "आदिवासी, आदिवासी जनजाति" भन्ने शब्दले अस्पष्टता ल्याएको, आत्म निर्णयको अधिकार भन्ने शब्दावलीको विभिन्न अर्थ लगाइने गरेको हुँदा यस व्यवस्थालाई राख्न नहुने भन्ने मत आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?

५०. (फरकमत) उपधारा (१) आत्मनिर्णयको अधिकारलाई हटाउने वा नहटाउने ?

५१. (फरकमत) आत्मनिर्णयको अधिकारको व्यवस्था हटाई त्यसको निर्णय गर्ने जिम्मेवारी व्यवस्थापिका संसदलाई दिनुपर्ने वा नपर्ने ?

५२. राजनितिक अग्राधिकार सम्बन्धी व्यवस्था लोकतन्त्र विरोधी भएकोले राख्न नहुने भन्ने विचार आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?

५३. (फरकमत) राजनीतिक अग्राधिकार सम्बन्धी प्रस्तावित व्यवस्था पूरै हटाउने वा नहटाउने ?

५४. (फरकमत) प्रदेश र विशेष संरचना क्षेत्र अन्तर्गत जाति वा भाषिक बाहुल्यताको आधारमा राजनैतिक अग्राधिकार हुनेछ भन्ने व्यवस्था हटाउनु पर्ने वा नपर्ने ?

५५. (फरकमत) धारा १३ को उपधारा (१) को व्यवस्था हटाउने वा नहटाउने ?

५६. उपधारा (१) मा रहेको "दुई कार्यकाल" को सट्टा "१५ वर्ष" राख्ने वा नराख्ने ?

५७. उपधारा (२) को सट्टा देहायबमोजिमको वाक्यांश राखी परिमार्जन गर्ने वा नगर्ने ?
"संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमा इतिहासकालदेखिकै उत्पीडन वापत क्षतिपूर्तिका रुपमा थप सात प्रतिशत प्रतिनिधित्वको सुनिश्चित हुने गरी विशेषाधिकारको व्यवस्था हुनेछ ।"

५८. उपधारा (२) मा दलितलाई थप सात प्रतिशत क्षतिपूर्ति दिने व्यवस्था हुनुपर्ने विषय राख्ने वा नराख्ने ?

५९. स्थानीय निकायमा दलित समुदायको वाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गर्नुपर्ने वा नपर्ने ?

६०. मस्यौदामा रहेको धारा १४ महिलाको अधिकार, धारा १५ को दलितको अधिकार जस्तै धारा २० मा थप गरी "मुस्लिम अधिकार" उल्लेख गर्नुपर्ने भन्ने सभापतिको जवाफमा आएकोले के गर्ने ?

६१. यो अनुसूचीको सट्टा देहायको अनुसूची-१ राख्नुपर्ने वा नपर्ने ?
"नेपाललाई भूगोलको आधारमा निम्न बमोजिम १४ वटा प्रान्तमा विभाजन गरिएको छ : १) मेची प्रान्त २) कोशी प्रान्त ३) सगरमाथा प्रान्त ४) जनकपुर प्रान्त ५) नारायणी प्रान्त ६) वागमती प्रान्त ७) लुम्बिनी प्रान्त ८) गण्डकी प्रान्त ९) अन्नपूर्ण प्रान्त १०) राप्ती प्रान्त ११) भेरी प्रान्त १२) कर्णाली प्रान्त १३) सेती प्रान्त १४) महाकाली प्रान्त ।"

६२. यो अनुसूचीको सट्टा देहायको अनुसूची-१ राख्नुपर्ने वा नपर्ने ?
"प्रदेशहरु बेग्लाबेग्लै भौगोलिक क्षेत्र, जाति, भाषा वा संस्कृतिलाई मिलाएर गठन गरिनुपर्छ र प्रदेशहरु निम्न अनुसार हुनेछन् :- कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर। सगरमाथा प्रदेश - सगरमाथा र जनकपुर अञ्चललाई मिलाएर। बागमती प्रदेश - वागमती र नारायणी अञ्चललाई मिलाएर। गण्डकी प्रदेश - गण्डकी र धवलागीरी अञ्चललाई मिलाएर। लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर। कर्णाली प्रदेश - कर्णाली अञ्चललाई मिलाएर। महाकाली प्रदेश -भेरी, सेती र महाकाली अञ्चललाई मिलाएर।"

६३. यो अनुसूची पूरै हटाउनुपर्ने वा नपर्ने ?

६४. (फरकमत) देहायका विषयलाइ यस अनुसूचीबाट हटाई अनुसूची-४ को प्रदेशको अधिकारको सूचीमा समावेश गर्ने वा नगर्ने ?

- क्रमसंख्या ४ को केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको वाँडफाँड, टेलिभिजन र हुलाक,
- क.सं. ५ को भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर,
- क.सं. २४ को हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी,
- क.सं. २५ को नापतौल, क.सं. २७ को विमा नीति
- क.सं. २९ को बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकार समेत)

६५. क्रमसंख्या ३ मा "मुद्रा" शब्द थप्नुपर्ने वा नपर्ने ?

६६. क्रमसंख्या ३० पछि देहायको क्रमसंख्या र विषयहरु थप गर्ने वा नगर्ने ?
"३१. भूमिसुधार, ३२. राष्ट्रियस्तरको वन, ३३. तालतलैया, ३४.निकुञ्ज र ३५.नदी र पहाडहरु।"

६७. क्रमसंख्या २१ मा रहेको 'भूमि व्यवस्थापन' शब्द हटाउनु पर्ने वा नपर्ने ?

६८. धारा ४, ५, ६, ८, ९ र १० को व्यवस्था संघीय व्यवस्थासँग सम्बन्धित भएकोले सो व्यवस्थाप्रति असहमति रहेको भन्ने मत आएकाले के गर्ने ?

६९. जिल्लाको आवश्यकता अनुसार संसदद्वारा पुनर्गठन हुनेछ भन्नु पर्ने वा नपर्ने ?

७०. "स्थानीय स्वायत्त शासनका तीन तह हुनेछन् - प्रदेश, जिल्ला र गाउँ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ?

७१. प्रदेशहरु ५ देखि ७ भन्दा वढी हुने छैनन् भनी लेख्ने वा नलेख्ने ?

७२. संघीय संरचनामा निम्न चार तहहरु रहने छन् भन्नु पर्ने वा नपर्ने ? "(१) संघ (केन्द्र), (२) प्रदेश, (३) जिल्ला र (४) ग्रामपालिका एवं नगरपालिकाहरु।"

७३. "प्रशासनिक दृष्टिकोणले नेपाल राज्य चार तहमा वाँडिनेछ - केन्द्र, प्रदेश, जिल्ला र गाउँ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ?

७४. स्थानीय स्वायत्त शासन अन्तर्गतका तीन तहको गठन विधि उल्लेख हुनु पर्ने, गाउँ समितिको कार्यक्षेत्र र अधिकार, जिल्ला समितिको कार्यक्षेत्र र अधिकार र प्रादेशिक समितिका कार्यक्षेत्र र अधिकारको विषयमा उल्लेख हुनु पर्ने भन्ने मत आएकोले यसलाई कसरी सम्बोधन गर्ने ?

७५. जनजाति तथा दलित काउन्सिल बारे संविधानमा व्यवस्था गर्ने वा नगर्ने ?

७६. धारा ८ (१) मा "संविधानको धारा ४ वमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र एक जाति, समुदाय वा भाषिक समुदायको वाहुल्यता भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ" भन्ने उल्लेख भएकोमा एक जाति, समुदाय वा भाषिक समुदायको "वाहुल्यता भएको वा सघन उपस्थिति रहेको" वाक्यांशको सट्टा "अत्याधिक बहुसंख्यामा भएको" भन्ने शब्द लेख्नु पर्ने वा नपर्ने ?

७७. मधेशी, खस र नेवार जातीय समुदायमा रहेका कथित शुद्र, अछुत वा दलित जातहरुको संविधानको सूचीमा समावेश गर्नुपर्ने वा नपर्ने ?

७८. जनयुद्ध, जनआन्दोलन, मधेशआन्दोलन लगायतका सबै संघर्षहरुमा सहादत प्राप्त गर्नुहुने महान शहीद, बेपत्ता योद्धा र घाईतेको उच्च मूल्याङ्कन गर्दै संघीय, प्रादेशिक, विशेष संरचना र स्थानीय निकाय लगायतका सबै अंगहरुमा उनीहरुका परिवारजनहरु र घाइतेलाई प्रतिनिधित्व गरिने कुरा मस्यौदामा उल्लेख गर्नुपर्ने वा नपर्ने ?

## **संविधानसभामा निर्णयार्थ पेश गर्नु पर्ने प्रश्न सम्बन्धी प्रस्ताव**

१. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ३ को उपधारा (१) र (३) को सट्टा देहायको उपधारा (१) र उपधारा (३) राखिएको छ । " (१) संघीय नेपालको मूल संरचानामा संघ, प्रदेश, र स्थानीय तह हुनेछन् । आवश्यकता अनुसार विशेष संरचना निर्माण गर्न सकिनेछे ।

(३) नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश, र स्थानीय तहद्वारा यस संविधानमा उल्लेख भए बमोजिम हुनेछ ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

## **उक्त प्रस्ताव पारित नभएमा देहायको बुंदा नं. २ लाई निर्णयार्थ राख्नु पर्ने**

२. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ३ को उपधारा (३) लगायत अन्य धारामा उल्लेखित 'आदिवासी, आदिवासी जनजाति' भन्ने शब्दावलीको सट्टा "उत्पीडित क्षेत्रका जनता" भन्ने शब्द राखिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**वा**

तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ३ को उपधारा (३) को दोस्रो हरफमा "बसोवास गर्ने" भन्ने शब्दावली पछि 'मधेशी समुदाय र' भन्ने शब्द थप गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

पुनर्संरचित राज्यका १. केन्द्र (संघीय तह), २.प्रदेशहरु ३. प्रदेशभित्र जिल्ला तथा जातीय स्वशासित एवं संरक्षित जातीय स्वशासित इकाईहरु र ४. जिल्लादेखि तल आवश्यकताअनुसार गठित नगरपालिका र गाउँपालिकाहरु गरी चार तह हुनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ४ को उपधारा (३) को सट्टा "स्थानीय सरकारको कार्यकारिणी, विधायिकी र न्यायपालिकीय अधिकार प्रयोगको संयन्त्र अलग अलग हुने व्यवस्था गरिनेछ ।" भन्ने व्यवस्था राखिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ४ को उपधारा (४) र (५) झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त बुंदा नं. ३ को प्रस्ताव पारित भएमा देहायको बुंदा नं. ५ लाई निर्णयार्थ राख्नु पर्ने**

५. स्थानीय व्यवस्थापिका, स्थानीय व्यवस्थापन विधि र स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी भाग मस्यौदा गर्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

६. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ५ को सट्टा देहायको धारा ५ राखिएको छ :-

**"५. प्रदेशको निर्माण** : (१) प्रदेशको निर्माण गर्दा पहिचान र सामर्थ्यका आधारमा जातीय, भाषिक, साँस्कृतिक स्थिति, समुदायको बसोबास तथा भौगोलिक र ऐतिहासिक निरन्तरतालाई ध्यानमा राखिएको छ भने प्राकृतिक स्रोत र साधनको उपलब्धता, प्रशासनिक सुगमता, आर्थिक सामर्थ्य र भौतिक पूर्वाधारको पक्षलाई समेत ध्यान दिइएको छ ।

(२) पहिचान र सामर्थ्यका आधारमा नेपाललाई देहायका सात प्रदेशमा विभाजन गरिएको छ । १. कोशी प्रदेश, २. जनकपुर प्रदेश, ३. बागमती प्रदेश, ४. गण्डकी प्रदेश, ५. लुम्बिनी प्रदेश, ६. कर्णाली प्रदेश, ७. सुदूरपश्चिम प्रदेश । यी प्रदेशको नाम पहिलो पटक प्रदेश सरकार गठन भएपछि प्रदेश सरकारको सिफारिसमा प्रदेशसभाले (सामान्य बहुमतले) परिवर्तन गर्न सक्नेछ ।

(३) हरेक प्रदेशको भौगोलिक क्षेत्र देहाय बमोजिम हुनेछ (यो सूची अनुसूचीमा राखिनेछ) :

१. **कोशी प्रदेश:**ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ र उदयपुर ।

२. **जनकपुर प्रदेश:**सप्तरी सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा ।

३. **बागमती प्रदेश:**सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाडौं, चितवन, मकवानपुर धादिङ, रसुवा र नुवाकोट ।

४. **गण्डकी प्रदेश:** गोरखा, लमजुङ, तनहुँ, स्याङजा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, पाल्पा, गुल्मी, अर्घाखाँची र नवलपरासी जिल्लाको दाउन्ने पूर्वको भाग ।

५. **लुम्बिनी प्रदेश:**नवलपरासी जिल्लाको दाउन्ने पश्चिमको भाग, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया ।

६. **कर्णाली प्रदेश:** प्युठान, रोल्पा, रुकुम, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु र हुम्ला ।

७. **सुदुरपश्चिम प्रदेश:**बाजुरा, बझाङ, अछाम, डोटी, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला ।

(४) प्रदेशको नाम पुन: परिवर्तन गर्नु परेमा प्रदेश सरकारले संघीय सरकारको अनुमति प्राप्त गरी राखेको प्रस्तावमा प्रदेशसभाले दुईतिहाई बहुमतले निर्णय गर्नु पर्नेछ ।

(५) प्रदेशहरुको सीमांकन सम्बन्धी प्रश्नको निरुपणको लागि संघीय सरकारलाई सिफारिस गर्न एक संघीय आयोग गठन गरिनेछ ।

(६) प्रदेशको राजधानी प्रदेश सरकारको सिफारिसमा प्रदेशसभाले (सामान्य बहुमतले) तोक्नेछ तर संविधान प्रारम्भ भएपछि प्रदेश सभाबाट निर्णय नहुँदासम्म संघीय सरकारले प्रदेशको राजधानी तोक्नेछ । प्रदेशको राजधानी पुन: परिवर्तन गर्नु परेमा प्रदेश सरकारको सिफारिसमा प्रदेशसभाले दुईतिहाई बहुमतले निर्णय गर्नु पर्नेछ ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त बुंदा नं. ६ को प्रस्ताव पारित नभएमा देहायको प्रस्तावलाई क्रमशः निर्णयार्थ राख्नु पर्ने । कुनै एक प्रस्ताव पारित भएपछि अर्को प्रस्ताव निर्णयार्थ राख्न नपर्ने ।**

७. विगतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनको मस्यौदाको धारा ५ को उपधारा (२) र अनुसूचीमा १ मा उल्लेख भए बमोजिम देहायका १४ स्वायत्त प्रदेश रहनेछन् : १. लिम्बुवान, २. किराँत, ३.शेर्पा ४. सुनकोशी ५. नेवा, ६. ताम्सालिङ्ग ७. नारायणी ८. तमुवान ९. मगरात १०. जडान ११. कर्णाली १२. खप्तड १३.मिथिला -भोजपुरा-कोच- मधेश १४. लुम्बिनी -अबध-थारुवान ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

८. विगतको राज्यको पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको बहुमतले दिएको सुझावको आधारमा देहायका ११ प्रदेश रहनेछन् :

१. लिम्बुवान, २. किराँत, ३. ताम्सालिङ्ग ४. मधेश मिथिला -भोजपुरा ५. नेवा, ६. नारायणी ७. तमुवान ८. मगरात ९. कर्णाली-खप्तड १०. मधेश -अबध-थारुवान र ११.गैर भौगोलिक दलित प्रदेश ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

९. विगतको राज्यको पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको फरकमतमा भएको सुझावको आधारमा देहायका प्रदेश १ (राजधानी धनकुटा) प्रदेश २ (राजधानी काठमाडौ) प्रदेश ३ (राजधानी पोखरा) प्रदेश ४ (राजधानी जनकपुर) प्रदेश ५ (राजधानी सुर्खेत) र प्रदेश ६ (राजधानी घोराही) गरी ६ प्रदेश रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१०. नेपालमा देहायका छ वटा प्रदेशहरु रहनेछन् :-

**१. सगरमाथा प्रदेश:** : :ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, सप्तरी र सिराहा ।

**२. जनक प्रदेश :** सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर (११ पश्चिमी गा.वि.स. बाहेक) पर्सा (ठोरी र निर्मलबस्ती बाहेक) धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा ।

**३. बागमती प्रदेश:** धादिङ, रसुवा, नुवाकोट, ललितपुर, भक्तपुर, काठमाडौं, चितवन र गोरखा जिल्लाका ५३ गा.वि.स., तनहुँ जिल्लाका ८ गा.वि.स., नवलपरासी जिल्लाका २४ गा.वि.स, मकवानपुर जिल्लाका ११ गा.वि.स., पर्सा जिल्लाका २ गा.वि.स. ।

**४. लुम्बिनी प्रदेश:** गोरखा, लमजुङ, तनहुँ, स्याङजा, प्युठान,कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, पाल्पा, गुल्मी, अर्घाखाची, नवलपरासी जिल्लाका २४ गा.वि.स बाहेक सबै , रुपन्देही र कपिलवस्तु ।

**५. कर्णाली प्रदेश:** रोल्पा, रुकुम, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, दाङ, बाँके र बर्दिया ।

**६. सेती काली प्रदेश:** हुम्ला, बाजुरा, बझाङ, अछाम, डोटी, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

११. नेपालमा सीताराम विराट, भृकुटी सगरमाथा, मञ्जुश्री, पृथ्वी, कर्णाली, खप्तडभूमि र बुद्धभूमि गणराज्य प्रदेश गरी सातवटा गणराज्य प्रदेश हुनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१२. हरेक प्रदेशमा हिमाल, पहाड, तराई रहने गरी चौध प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१३. हाल विद्यमान दुई दुई अञ्चललाई मिलाएर कोशी, सगरमाथा, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र महाकाली प्रदेश गरी सात प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१४. देहायका १२ वटा प्रदेश बनाइनेछ : १, लिम्बुवान, २. खम्बुवान, ३. तामाङ्ग ह्युल, ४.नेवा ५. तमु ग्याल्सा, ६. मगरात, ७. खसान / कर्णाली ८.थरुहट ९. दलित/सयपाल / खप्तड १०. लुम्बिनी, ११. भोजपुरा, १२. मिथिला ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१५. नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी संघीय समानुपातिक लोकतान्त्रिक गणतन्त्र नेपाललाई एघार स्वायत्त प्रदेशमा विभाजन गरिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१६. देहायका ९ वटा प्रदेश बनाइनेछ : १, लिम्बुवान (राजधानी इलाम) , २. किरात(राजधानी धनकुटा), ३. तामसालिंग(राजधानी पाँचखाल), ४ मगरात(राजधानी तानसेन) ५.नेवा(राजधानी काठमाडौ) ६. नारायणी( राजधानी गोरखा), ७. तमुवान(राजधानी पोखरा), ८. मधेश/तराई (राजधानी वीरगञ्ज) ९. कर्णाली/खसान ( राजधानी सुर्खेत) ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१७. वर्तमान पाँच विकास क्षेत्रलाई पाँच प्रदेश र काठमाडौ, भक्तपुर र ललितपुरलाई केन्द्र शासित प्रदेश बनाइनेछ । प्रदेशको नामाकरण साझा प्राकृतिक सम्पदाको नाममा गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१८. देहायका १३ वटा प्रदेश बनाइनेछ : १, लिम्बुवान, २. किरात, ३. तामसालिङ्ग, ४.शेर्पा ५.नेवा ६.तमुवान ७. मगरात, ८ जडान.९. खसान १०. थारुवान / थरुहट ११. मधेश १२. संघीय राजधानी प्रदेश १३. विशेष व्यवस्था अन्तर्गत शिल्पी प्रदेश ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

१९. मधेशमा ३, हिमाल तथा पहाडमा ६ प्रदेश गरी ९ प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२०. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ को उपधारा (१क.) को आधारमा प्रदेश बनाइनेछ । तराई मधेशलाई अन्य भौगोलिक प्रदेशसँग कदापि जोडिने छैन ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२१. पाँच वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२२. छ वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२३. सात वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२४. आठ वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२५. नौ वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२६. दश वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२७. एघार वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२८. बाह्र वटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

२९. तेह्रवटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

३०. चौधवटा प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३१. प्रदेशको नाम प्रदेशसभाले निर्णय गरे बमोजिम हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३२. हालको कर्णाली प्रदेशलाई अलग प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३३. प्रदेश निर्माण गर्दा हिमाल, पहाड तराईको समावेशी प्रदेश बनाइनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३४. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ६ को सट्टा देहायको धारा-६ राखिएको छ :- "**६. संघको राजधानी**: संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजधानी काठमाडौमा रहनेछ" ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त बुंदा नं. ३४ को प्रस्ताव पारित नभएमा देहायको बुंदा नं. ३५ र ३६ को प्रस्ताव निर्णयार्थ राख्नु पर्ने**

३५. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजधानी दाङ्गमा रहनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३६ संघीय व्यवस्थापिकाको दुइतिहाई बहुमतले संघको राजधानी फेर्न सकिने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३७. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ७ को सट्टा देहायको धारा ७ राखिएको छ :-

"**७. स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण** : (१) स्थानीय तहमा गाउँपालिका, नगरपालिका र जिल्ला रहनेछन । स्थानीय तहमा कार्यकारिणी, व्यवस्थापिकीय र न्यायिक अधिकारको व्यवस्था हुनेछ । जिल्ला तहमा बिकास, सेवा र सुरक्षाका संरचना रहनेछन । गाउँपालिका, नगरपालिका र जिल्लाको अधिकारक्षेत्र यस संविधान र संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय सरकारको नाम संख्या र क्षेत्र निर्धारण गर्न संघीय सरकारले तोकेको मापदण्डको आधारमा प्रदेश सरकारले एक उच्चस्तरीय आयोग गठन गर्नेछ । प्रदेश सरकार गठन भएको एकवर्ष भित्र उक्त आयोगले कार्य सम्पन्न गर्नेछ ।

(३) नयाँ संविधान बमोजिम स्थानीय तहको गठन नभएसम्म विद्यमान स्थानीय निकायहरु कायम रहनेछन ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त बुंदा नं. ३७ को प्रस्ताव पारित नभएमा देहायका वुँदा नं. ३८ देखि ४१ सम्मका प्रस्ताव क्रमशः निर्णयार्थ राख्नु पर्ने**

३८. गाउँपालिका र नगरपालिकाभन्दा माथि प्रदेशभन्दा तलको बीचमा जिल्ला तह रहने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

३९. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ७ को उपधारा (२), (३) र (४) मा रहेको व्यवस्थाको सट्टा "स्थानीय तहको संख्या र क्षेत्र संविधान निर्माणसँगै र प्रदेशको निर्माणसँगै गरिनेछ ।" भन्ने व्यवस्था राखिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४०. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ७ को उपधारा (३) को पहिलो हरफमा रहेको "बमोजिम" भन्ने शब्द पछि रहेको "संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित" भन्ने शब्दहरु झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४१. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ७ को उपधारा (६) मा रहेको 'प्रादेशिक' भन्ने शब्द झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४२. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को सट्टा देहायको धारा ८ राखिएको छ :-

**८. विशेष संरचना सम्बन्धी व्यवस्था :** प्रदेशभित्र विभिन्न जाति समुदायको भाषा संस्कृतिको विकास एवं सम्बर्द्धन गर्न संघीय कानून बमोजिम विशेष संरचनाको व्यवस्था गर्न सकिनेछ । संघीय सरकारको अनुमति लिइ प्रदेश सरकारको सिफारिसमा प्रदेशसभाले त्यस्ता विशेष संरचनाको नाम र क्षेत्राधिकार घोषणा गर्नेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

### उक्त बुंदा नं. ४२ को प्रस्ताव पारित नभएमा देहायका बुँदा नं. ४३ देखि ५० सम्मका प्रस्ताव क्रमशः निर्णयार्थ राख्नु पर्ने

४३. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को उपधारा (१) मा उल्लेखित वाक्यांशको सट्टामा देहाय बमोजिमको वाक्यांश राखिएको छ ।

"संविधानको धारा ४ बमोजिमको तहगत संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र आदिवासी जनजाति वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गरिनेछ ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४४. विशेष संरचना निर्माणको सिफारिस गर्न उच्चस्तरीय आयोग गठन गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४५. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को उपधारा (२) र (३) बमोजिमका बिशेष क्षेत्र, संरक्षित क्षेत्रमा निर्वाचित प्रतिनिधि रहने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

४६. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को उपधारा (२), (३), (४) र (५) मा रहेको व्यवस्थालाई झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

४७. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को उपधारा (४) र (५) को सट्टा देहाय बमोजिमको उपधारा (४) राखिएकोछ ।

"(४) उपधारा (१), (२) र (३) बमोजिम विशेष संरचना निर्माण गर्दा संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रदेश सरकारले विषयगत विज्ञहरुको आयोग गठन गर्नेछ । धारा ५ को उपधारा (४) बमोजिम गठित आयोगको सिफारिस बमोजिम प्रादेशिक सरकारद्वारा प्रस्तुत प्रस्तावले प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई सदस्यहरुको समर्थन प्राप्त गरेपछि विशेष संरचनाको गठन गरिनेछ ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

४८. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को उपधारा (४) मा रहेको "अनुसूची २" भन्ने शब्द झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

४९. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ :-

"(४) उपधारा (१) बमोजिम प्रदेश अर्न्तगत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछन् । स्वायत्त क्षेत्रको सीमाङ्कन, नामाकरण प्रादेशिक सरकारले एक वर्षभित्रमा कानून बनाई निर्धारण गर्नेछ । त्यसको लागि प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । आयोगको सिफारिशमा नाम र सीमा निर्धारण हुनेछन् ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५०. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ८ को उपधारा (७) मा रहेको विशेष संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानून बमोजिम हुने व्यवस्था झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५१. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ९ को उपधारा (५), (६), (७), (८) (९) र (१०) मा रहेको व्यवस्था झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५२. अवशिष्ट अधिकार प्रदेशलाई पनि हुने व्यवस्था गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५३. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ११ को उपधारा (१) मा रहेको संघ र प्रदेश, प्रदेश र प्रदेशबीचको राजनीतिक विवाद समाधान गर्न गठन हुने अन्तरप्रादेशिक परिषद्मा प्रधानमन्त्री, संघीय गृहमन्त्री, रक्षामन्त्री, अर्थमन्त्री, संघीय मामिला मन्त्री र प्रदेशको मुख्य मन्त्री रहनेछन् ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५४. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ११ को उपधारा (११) को “संघ र प्रदेश, प्रदेश र प्रदेश ” भन्ने शब्दहरु पछि रहेका “प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु” भन्ने शब्दहरु झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५५. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा ११ को उपधारा (११) देखि (१६) सम्म रहेका संबैधानिक अदालतको व्यवस्था न्याय प्रणाली सम्बन्धी समितिको प्रतिबेदनसँग मेल नखाने भएकोले झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५६. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १२ मा रहेको “आत्मनिर्णयको अधिकार” सम्बन्धी व्यवस्था झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त बुंदा नं. ५६ को प्रस्ताव पारित नभएमा देहायका बुँदा नं. ५७ देखि ६० सम्मका प्रस्ताव क्रमशः निर्णयार्थ राख्नु पर्ने**

५७. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १२ को उपधारा (१) मा "आदिवासी-जनजाति" शब्द पछि "स्थानीय तह र विशेष संरचनामा स्थायी रुपमा वसोवास गर्ने सबै नागरिकलाई" भन्ने शब्दहरु थपिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५८. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १२ मा रहेको हालको आत्मनिर्णयको अधिकारको व्यवस्था हटाई त्यसको निर्णय गर्ने जिम्मेवारी संघीय व्यवस्थापिका संसदलाई प्रदान गरिनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

५९. आदिवासी जनजाति, मधेशी र दलितलाई आन्तरिक र स्थानीय रुपमा राजनीति, संस्कृति, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोवास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोत साधनको परिचालन, तथा वातावरण सम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार हुनेछ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

६०. आत्मनिर्णयको अधिकारको व्यवस्था रहने भएमा यसको परिभाषा गरी संविधानको परिभाषा र व्याख्या सम्बन्धी भागमा राख्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

६१. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १३ मा रहेको राजनैतिक अग्राधिकार सम्बन्धी व्यवस्था झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले हुन्न र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

**उक्त बुंदा नं. ६१ को प्रस्ताव पारित नभएमा देहायका बुँदा नं. ६२ देखि ६५ सम्मका प्रस्ताव क्रमशः निर्णयार्थ राख्नु पर्ने**

६२. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १३ को उपधारा (१) को व्यवस्था झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

वा

तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १३ को उपधारा (१) मा रहेको "दुई कार्यकाल" को सट्टा "१५ वर्ष" भन्ने शब्दहरु राखिएका छन।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला।

६३. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको धारा १३ को उपधारा (२) को सट्टा देहाय बमोजिमको उपधारा (२) राखिएको छ।

"संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमा इतिहासकालदेखिकै उत्पीडन वापत क्षतिपूर्तिका रुपमा थप सात प्रतिशत प्रतिनिधित्वको सुनिश्चित हुने गरी विशेषाधिकारको व्यवस्था हुनेछ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला

६४. स्थानीय निकायमा दलित समुदायको वाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गरिनेछ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला

६५. राजनैतिक अग्राधिकारको व्यवस्था रहने भएमा यसको परिभाषा गरी संविधानको परिभाषा र व्याख्या सम्बन्धी भागमा राख्न संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला।

६६. स्थानीय सरकारको अवधारणा अनुरुप विद्यमान स्थानीय निकाय सम्बन्धी व्यवस्थामा आमूल परिवर्तन गरी सुदृढ स्थानीय स्वायत्त शासन प्रणाली कायम गरिनेछ।
यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला

६७. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको अनुसूची-२ मा रहेको स्वायत्त क्षेत्रको सूची झिकिएको छ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ,** विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला।

६८. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको अनुसूची-३ मा संघको सूचीमा रहेका देहायका विषयलाई यस अनुसूचीबाट हटाई अनुसूची-४ को प्रदेशको अधिकारको सूचीमा समावेश गरिएको छ।

- क्रमसंख्या ४ को "केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको वाँडफाँड, टेलिभिजन र हुलाक",

- क.सं. ५ को "भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर",
- क.सं. २४ को "हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी",
- क.सं. २५ को "नापतौल, क.सं. २७ को वीमा नीति",
- क.सं. २९ को "बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकार समेत)" ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

६९. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको अनुसूची ३ मा संघको सूचीको क्रमसंख्या ३ मा "मुद्रा" शब्द थपिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

७०. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको अनुसूची-३ मा संघको सूचीको क्रमसंख्या ३० पछि देहायको क्रमसंख्या र विषयहरु थप गरिएको छ :

"३१. भूमिसुधार, ३२. राष्ट्रियस्तरको वन, ३३. तालतलैया, ३४.निकुञ्ज र ३५.नदी र पहाडहरु ।"

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

७१. तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदाको अनुसूची-५ मा प्रदेशको सूचीको क्रमसंख्या २१ मा रहेको 'भूमि व्यवस्थापन' शब्द झिकिएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

७२. नेपालका सबै आदिवासी, जात, जाति, जनजाति, खस आर्य, मधेशी, दलित लगायतका शब्दको आवश्यकता अनुसार परिभाषा र सूची बनाउन संविधान मस्यौदा समितिलाई निर्देशन दिइएको छ ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ**, विपक्षमा रहने माननीय सदस्यहरुले **हुन्न** र तटस्थ रहन चाहने माननीय सदस्यहरुले **मत दिन्न** भन्नुहोला ।

## ९. संगतीपूर्ण बनाउने सम्वन्धी प्रस्ताव

मस्यौदाका विभिन्न स्थानमा प्रयुक्त व्यवस्था संगतीपूर्ण नभएमा वा प्रयुक्त भएको भाषा र शव्दावली संगतीपूर्ण नभएको देखिएमा त्यस्ता विषयलाई संगतीपूर्ण वनाई मस्यौदाको दृष्टिकोणले भाषिक परिमार्जन गर्न संविधान मस्यौदा समितिलाई निर्देशन दिन प्रस्ताव गरिएको छ ।

## फरकमतहरु

२०६९।१०।१८

श्रीमान सभापतिज्यू

संविधान सभा प्रस्ताव निर्माण समिति,

विषय- असमति बारे

संविधान सभाको पहिलो बैठक देखि नै राष्ट्रिय जनमोर्चाले संघीयता नयाँ बन्ने संविधानमा सामेल गर्नु हुन्न भन्ने असमति राख्दै आएको कुरा अवगत नै छ। संविधान सभा प्रस्ताव निर्माण समितिको नियमावलीमा संघीयताको बारेमा प्रश्नावली बनाउन न पाउने अथवा पेश गर्न न पाउने विषय सित असमति राख्न चाहन्छु। नेपालको ~~सन्दर्भमा~~ सन्दर्भमा संघीयता आवश्यक छ छैन भन्ने प्रश्नावली बन्नु पर्दछ।

चित्रबहादुर (केसी)

राष्ट्रिय जनमोर्चा

# राष्ट्रिय जनमोर्चा

**National People's Front**

केन्द्रीय कार्यालय

Central Office

बाफल ३ (ख), ज्योतिनगर, काठमाडौं

फोन/फ्याक्स : ०१-४१६४३०४, इमेल : rajamo2052@gmail.com, वेबसाइट : www.rajamo.org


प.स.

च.न

मिति :

मिति: २०७१/१०/१९

माननीय सभापति ज्यू,

संविधानसभा प्रस्ताव निर्माण समिति,

सिंहदरवार, काठमाण्डौ ।

संविधानसभाको अन्तरर्वस्तुबारे संविधानसभामा निम्न विषयहरुमा प्रश्न गराएर निर्णय गर्नेको लागि अनुरोध छ ।

प्रश्नहरु:

१. सघीयता आवश्यक छ वा छैन ?
२. जातीय राज्य कायम गर्ने वा नगर्ने ?
३. आत्मनिर्णयको अधिकार आवश्यक छ कि छ ?
४. एक मधेश, एक प्रदेश आवश्यक छ कि छैन ?
५. राज्यको पुनर्संरचना गर्दा पहाड र तराईका भूभागहरुलाई जोड्ने वा अलग गर्ने ?
६. राज्यको पुनर्संरचना गर्दा जिल्लाहरुलाई विभाजन गर्ने कि नगर्ने ?
७. राज्यको पुनर्संरचना गर्दा अञ्चललाई विभानज गर्ने कि नगर्ने ?
८. वंशजको नागरिकता दिंदा बाबु र आमा दुवै नेपालको नागरिक हुनुपर्ने कि नपर्ने ?
९. वैज्ञानिक मापदण्डको आधारमा जनजातिहरुको विभाजन गरेर सूचि तयार पार्नुपर्ने कि नपर्ने ?
१०. वैज्ञानिक मापदण्डको आधारमा आदिवासीहरुको सूचि तयार पार्नुपर्ने कि नपर्ने ?
११. मानव विकास सुचकांकको आधारमा पिछडिएको जातजातिहरुको सूची तयार पार्नु पर्ने कि नपर्ने ?
१२. अंगिकृत नागरिकता दिंदा नेपालमा विवाह गरेर आउने विदेशी महिला र नेपाली महिलासित विवाह गर्ने विदेशी पुरुषका बीचमा सकारात्मक विभेद गर्ने कि नगर्ने ?
१३. राष्ट्रपति जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी हुने वा संवैधानिक हुने ?
१४. प्रधानमन्त्री जनताद्वारा प्रत्यक्ष निर्वाचित हुने वा प्रतिनिधीसभाद्वारा निर्वाचित हुने ?

१५. माथिल्लो सदनका लागि प्रतिनिधिसभाद्वारा एकल संक्रमणीय मतप्रणालीका आधारमा सदस्यहरु निर्वाचित गर्ने कि नगर्ने ?
१६. प्रत्यक्ष र समानुपातिक सहितको मिश्रित निर्वाचनप्रणाली अपनाउने वा नअपनाउने ?
१७. भूमिसुधार गर्दा हदभन्दा बढीको जमीन अधिकरण गर्दा क्षतिपूर्ति दिने वा नदिने ?
१८. कुनै राजनीतिक दललाई निर्वाचन क्षेत्र भन्दा तल संगठन गर्ने अधिकार दिने वा नदिने ?
१९. गाउं विकास समितिको चुनाव दलिय आधारमा गर्ने वा निर्दलीय आधारमा गर्ने ?
२०. प्रत्यक्ष चुनावमा दलिय र महिलाहरुको लागि बेग्लै संरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गर्ने वा नगर्ने ?
२१. चक्काजाम, बन्द र हड्तालहरुका अधिकारमा प्रतिबन्ध लगाउने कि नलगाउने ?
२२. विदेशस्थित प्रवासी नेपालीहरुलाई मताधिकारको अधिकार दिने वा नदिने ?
२३. विदेशस्थित प्रवासी नेपालीहरुलाई चुनावमा समानुपातिक उम्मेदवार बन्ने अधिकार दिने वा नदिने ?
२४. देशका प्राकृतिक स्रोतहरुबारे विदेशी सरकार वा कम्पनीहरुसित गरिने सन्धि सम्झौताहरुलाई संसदको दुई तिहाई बहुमतले अनुमोदन गर्नुपर्ने व्यवस्था गर्ने कि नगर्ने ?
२५. प्राकृतिक स्रोतहरुलाई राष्ट्रिय र स्थानिय प्रकारका दुई भागमा विभाजित गरिर राष्ट्रिय महत्वका स्रोतहरुमा केन्द्र सरकारको अग्राधिकार हुने व्यवस्था गर्ने कि नगर्ने ?
२६. राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्याधिस, प्रधानसेनापति आदि महत्वपूर्ण संवैधानिक पदहरुमा वंशज नागरिकहरु मात्र निर्वाचित वा मनोनित हुने अनिवार्य व्यवस्था गर्ने कि नगर्ने ?
२७. स्थानिय स्वायत्त शासनलाई मौलिक अधिकारको रुपमा स्वीकार गर्ने संवैधानिक व्यवस्था गर्ने वा नगर्ने ?
२८. संवैधानिक अदालतको व्यवस्था गर्ने कि नगर्ने ?
२९. विगतका आन्दोलनहरुको उल्लेख गर्दा जनयुद्ध भनेर उल्लेख गर्ने कि नगर्ने ?
३०. विगतका आन्दोलनहरुको उल्लेख गर्दा मधेश आन्दोलन भनेर उल्लेख गर्ने कि नगर्ने ?
३१. संविधानमा संशोधन हुन नसक्ने विषयमा गणतन्त्रलाई समावेश गर्ने कि नगर्ने ?
३२. संविधानमा संशोधन हुन नसक्ने विषयमा धर्मनिरपेक्षलाई समावेश गर्ने कि नगर्ने ?

चित्रबहादुर के.सी.
अध्यक्ष तथा सभासद्
राष्ट्रिय जनमोर्चा

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

च. नं.

मिति : 2069/10/26

माननीय सभापतिज्यू,

प्रस्ताव निर्माण समिति,

संविधानसभा ।

विषयः- फरक मतलाई प्रश्नावली बनाई संविधानसभामा पेश गर्ने सम्बन्धमा ।

उल्लिखित विषयमा समितिको मिति २०७१ माघ २०, २३, २४ र २५ गतेको बैठकमा पेश भएको प्रश्नावलीमा देश र जनताका हितका देहाय बमोजिमको संविधानमा राख्नुपर्ने विषय पनि प्रश्नावलीको रुपमा संविधानसभामा पेश गर्नुपर्ने भएकोले फरक मतको रुपमा पेश गरेको छु । माननीय सभापतिबाट उल्लेखित विषय प्रश्नावलीको रुपमा संविधानसभामा पेश गर्ने अपेक्षा गरेको छु ।

2069/10/26

प्रेम सुवाल

सदस्य, प्रस्ताव निर्माण समिति

सदस्य, संविधानसभा

(1)

# नेपाल मजदुर किसान पार्टी

## संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


प. सं.                                                    मिति : ....................

<u>प्रस्तावनामा उल्लेख गर्नुपर्ने विषय</u>

१. नेपाली जनताले पटक-पटक गरेको आन्दोलन र संघर्ष तथा शहीद र योद्धाहरुको सम्मान गर्दै सामाजिक न्याय र आर्थिक समानताको लागि उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीरण गरी नेपालको उत्पादन बढाउने, सम्पत्तिको सीमा निर्धारण र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्ने, नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर र सीमा संरक्षण गरी भूमण्डलीकरण, निजीकरण र नवउदारवादको नाममा भइरहेको साम्राज्यवादी आक्रमण एवं सांस्कृतिक, आर्थिक तथा राजनीतिक हस्तक्षेपको विरोध गर्ने संकल्प गर्दै समाजवादउन्मुख गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा नेपाल र नेपाली जनताको एकता, दीगो शान्ति, समृद्धि र विकासको आकांक्षा पूरा गर्न जनतामा निहित सार्वभौमसत्ता, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, आर्थिक समानतासहितको मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, स्थानीय स्वायत्तता, स्वशासन र विकेन्द्रीकरण, संसदको सर्वोच्चता, निर्वाचनमा प्राप्त मतको आधारमा कुनै दलको मान्यतासम्बन्धी शर्त नराख्ने प्रावधानसहित संविधानसभामार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दछौं ।

<u>२) संविधान संशोधन</u>

जनतामा निहित सार्वभौमसत्ता, समाजवादउन्मुख गणतन्त्र, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, आर्थिक समानतासहितको मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, स्थानीय स्वायत्तता, स्वशासन र विकेन्द्रीकरण, उत्पादनका मुख्य-मुख्य साधन र सेवाको सामाजिकीकरण, सम्पत्तिको सीमा निर्धारण, विदेशमा सम्पत्ति राख्न नपाउने, संसदको सर्वोच्चता, निर्वाचनमा प्राप्त मतको आधारमा कुनै दलको मान्यतासम्बन्धी शर्त नराख्ने प्रावधान प्रतिकूल हुने गरी संविधान संशोधन गर्न सकिने छैन ।

(२)

# नेपाल मजदुर किसान पार्टी

## संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१६२०७
इमेल : nwpp@ntc.net.np


च. नं.

मिति : ..............................

### ३. मौलिक हक

१. उच्च मा. वि. तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य गर्नेछ ।

२. विश्वविद्यालय शिक्षा नि:शुल्क गर्नेछ ।

३. देशभरी अनिवार्य र नि:शुल्क शिशु स्याहार केन्द्र र बालोद्यान व्यवस्था गर्नेछ ।

४. उच्च मा. वि. तहसम्म मातृभाषामा पढ्ने व्यवस्था गर्नेछ ।

५. बिद्यालय र कलेजमा अनिवार्य खेलकूदको व्यवस्था गर्नेछ ।

६. सबै नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

७. ज्येष्ठ नागरिकलाई जीवनको सुनिश्चितता, नि:शुल्क स्वास्थ्य उपचार र नि:शुल्क आदर निकेतनको व्यवस्था गर्नेछ ।

८. टुहुरा-टुहुरी, अशक्त, विधवा, आफन्त नभएका अशक्त बालबालिकाको सम्पूर्ण लालनपालनको व्यवस्था राज्यले गर्नेछ ।

९. प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ ।

१०. रोजगारी नपाएसम्मको लागि बेरोजगारी भत्ताको बन्दोबस्त हुनेछ ।

११. योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको सिद्धान्तअनुसार सबै नागरिकलाई रोजगारीको सुनिश्चितता हुनेछ ।

१२. १८ वर्ष पुगेका नेपालीलाई अनिवार्य सैनिक तालिमको व्यवस्था गर्नेछ ।

### ४. व्यवस्थापिका

१. व्यवस्थापिका दुई सदनात्मक हुनेछ ।

२. माथिल्लो सदन जातजाति र भाषाभाषीको सभा अर्थात राष्ट्रिय सभा (House of Nationalities) हुनेछ ।

(३)

# नेपाल मजदुर किसान पार्टी

## संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


प. सं. मिति : ..............................

३. राष्ट्रिय सभा प्रदेशहरुबाट चुनिएका तीन-तीन जना सदस्यहरुबाट गठन हुनेछ ।

४. तल्लो सदन प्रतिनिधिसभा हुनेछ । यसको कूल सदस्य २४० जना हुनेछन् ।

५. प्रादेशिक विधानसभा एक सदनात्मक हुनेछ ।

६. प्रादेशिक विधानसभाले आ-आफ्नो प्रदेशको मुख्य मंत्री चुन्नेछ ।

५. निर्वाचन प्रणाली

१. प्रजातान्त्रिक र समावेशी प्रतिनिधित्व गराउन मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (MMPR) को आधारमा प्रतिनिधिसभा र प्रादेशिक सभाको निर्वाचन हुनेछ ।

२. प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रादेशिक सभाका सदस्यहरुको प्रत्याह्वानको व्यवस्था कानुनमा व्यवस्था हुनेछ ।

३. स्थानीय निकाय- जिविस, नगरपालिका र गाविसहरुमा दलगत आधारमा चुनाव हुनेछ ।

६. संवैधानिक निकाय

१. कामदार महिला आयोग

२. मजदुर आयोग

३. किसान आयोग

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग

५. लोक सेवा आयोग

६. निर्वाचन आयोग

७. लेखा परीक्षक आयोग

८. मानव अधिकार आयोग

संवैधानिक निकायका प्रमुख र सदस्यहरुको नियुक्ति सम्बन्धित क्षेत्रबाट निर्वाचन गरिनेछ ।

# नेपाल मजदुर किसान पार्टी

## संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nmpp@ntc.net.np

च. नं.

मिति : ..............................

७. न्याय प्रणाली

१. सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालतका प्रधानन्यायाधीश, मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरु सम्बन्धित क्षेत्रबाट चुनाव गरी नियुक्ति गर्नेछ । राष्ट्रपतिबाट निर्वाचित प्रधानन्यायाधीशको घोषणा हुनेछ ।

२. न्यायपालिकालाई व्यवस्थापिकाप्रति जवाफदेही बनाउनेछ ।

३. न्यायपालिकाभित्रको ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारबारे व्यवस्थापिका सदस्यहरुले सदनमा बोल्न पाउने छन् ।

४. संसदको सर्वोच्चता कायम गरिनेछ ।

५. महान्यायाधिवक्ता सम्बन्धित क्षेत्रबाट चुनाव गरी नियुक्ति गरिनेछ ।

८. शासकीय स्वरुप

१. जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गरिनेछ ।

२. देशको अखण्डतामा आँच आउने वा देशको एकतामा बाधा पर्ने कार्यलाई रोक्न राष्ट्रपतिले सम्बन्धित प्रादेशिक सरकार र प्रादेशिक विधानसभालाई समेत भंग गरी राष्ट्रपतीय शासन लागू गरिनेछ ।

३. राष्ट्रपतिको उम्मेदवारले फरक वर्ण र जातिका एक जनालाई उपराष्ट्रपतिको रुपमा प्रस्तावित गर्नु पर्नेछ ।

९. राज्य पुन:संरचना

१. प्राकृतिक श्रोत साधन र भूगोलको आधारमा प्रत्येक प्रदेशमा तराई, पहाड र हिमाल समावेश गरी संघीय संरचना बनाउनेछ ।

२. जनतालाई छिटो सेवा सुविधा पुऱ्याउन र देशको छरितो विकास गर्न प्रत्येक प्रदेशमा हिमाल, पहाड र तराई भू-भाग समावेश १४(चौध) संघीय राज्य बनाउनेछ ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


पत्र नं.

मिति : ..............................

३. चौध संघीय राज्यको नाम वेहाय बमोजिम हुनेछः
मेची, कोशी, सगरमाथा, जनकपुर, नारायणी, बागमति, लुम्बिनी, गण्डकी, अन्नपूर्ण, राप्ती, भेरी, कर्णाली, सेती, महाकाली,

४. देशको रक्षा, परराष्ट्, राष्ट्रिय यातायात, संचार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान तथा प्रविधि, खनिज र जलश्रोत, हुलाक, भंसार आदि केन्द्रीय सरकारमा निहित हुनेछ ।

५. अवशिष्ट अधिकार केन्द्रमा निहित रहनेछ ।

६. एउटा केन्द्रीय विश्वविद्यालय केन्द्रीय सरकारको मातहत हुनेछ ।

७. कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, प्रादेशिक स्तरको खनिज, जलश्रोत, यातायात, घरेलु तथा कुटीर व्यवसाय, प्रादेशिक कर, भाषा र संस्कृति आदि प्रदेश सरकारको मातहत हुनेछ ।

८. आत्मनिर्णयको अधिकारसहित जातजाति र भाषाभाषीको आधारमा प्रदेश गठन गर्ने छैन ।

९. प्रदेशमा जनमत संग्रहको व्यवस्था गर्ने छैन ।

१०. स्थानीय निकाय

१. संघीयता संरचनाको नाममा देशको जिल्ला, नगर र गाविसजस्ता पुराना संरचना लयालिङ्ग गरिने छैन ।

२. स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रीकरणसहित अधिकार सम्पन्न गरिनेछ ।

३. देशको आधा वजेट स्थानीय निकायमार्फत विकास निर्माणमा खर्च गरिनेछ ।

४. पूर्वाधार तयार गरेर मात्र नगरपालिकाहरु घोषणा गरिनेछ ।

५. देशको सन्तुलित विकास गर्न र ठूलठूला शहरको जटिलताबाट देशलाई जोगाउन स-साना शहरको विकास गरिनेछ ।

(६)

नेपाल मजदुर किसान पार्टी
संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं. मिति : ..................

११. नागरिकता

१. सोह्र वर्ष उमेर पुगेका नेपाली नागरिकले नेपाली नागरिकता पाउने र निर्वाचनमा भाग लिने अधिकार पाउनेछ ।

२. आमा र बुवा दुवै नेपाली नागरिक भएका सन्तानले वंशजको नेपाली नागरिकता पाउनेछ ।

३. सरकारी सेवामा रहेका नेपाली कर्मचारीले विदेशी नागरिकसंग विवाह गर्न नपाउने व्यवस्था गरिनेछ ।

४. नेपाली नागरिकले विदेशीसंग विवाह गरेमा दुवैले अंगीकृत नेपाली नागरिकता पाउने व्यवस्था गरिनेछ ।

५. देशको सार्वभौमिकता रक्षा गर्न र देशलाई नवउपनिवेश बन्न रोक्नको लागि गैरआवासीय नेपालीलाई परिचयपत्र, विशेष नागरिकता वा अन्य सहुलियतको पत्र दिइने छैन ।

१२. प्राकृतिक श्रोत साधन

१. प्राकृतिक श्रोतसाधनबारे विदेशीसंगको सन्धि-सम्झौताहरु संयुक्त सदनको दुई तिहाई बहुमतबाट पारित गरिनेछ ।

१३. महिलाको हितमा

१. राज्यको प्रत्येक संरचनामा कामदार महिलाको जनसंख्याको अनुपातमा प्रतिनिधित्व गराइनेछ ।

२. महिलालाई सुत्केरी अगाडि र पछाडि तलब-ज्यालासहितको बिदा र आवश्यक हुनेलाई अन्य सुविधाको व्यवस्था गरिनेछ ।

३. महिलालाई विदेशमा लगी बेच्ने र म्यानपावर कम्पनीको नाममा ठगी गर्नेलाई क्षतिपूर्तिसहित कडा सजायको व्यवस्था गरिनेछ ।

(८)

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं. मिति : ..........................

१४. नागरिकको कर्तव्य

१. प्रत्येक नेपालीले देशको स्वतन्त्रता, स्वाधीतना र सार्वभौमिकतालाई आँखाको नानीलाई जस्तै जोगाउन कर्तव्यनिष्ठ रहनु पर्छ ।

२. नेपालको हित विपरीत विदेशीलाई गोप्य सूचना दिने र रक्षा मामिलाको सूचना दिने देशद्रोही र जनविद्रोहीवारे राज्यलाई सूचना दिने नेपालीको कर्तव्य हुनेछ ।

३. देशको भू-अखण्डता र सीमाको सुरक्षाको निम्ति नेपालीले स्वयंसेवक हुन सदा तत्पर हुने कर्तव्य हुनेछ ।

४. टुहुरा-टुहुरी, अशक्त, विरामी, विधवा, ज्येष्ठ नागरिक तथा असहाय नेपालीको सेवा गर्नु नागरिकको कर्तव्य हुनेछ ।

१५. विविध

१. सरकारमा गएर निर्वाचन घोषणापत्र र जनतालाई दिएको वाचा पूरा नगर्ने पार्टीलाई अर्को चुनावमा अयोग्य घोषणा गरिनेछ ।

२. व्यवस्थापिकाको सर्वोच्चता कायम गरिनेछ ।

३. नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर हुनेछ ।

४. नेपाल-भारत खुला सीमा नियमित गरिनेछ ।

५. नेपालीले राख्न पाउने सम्पत्तिको सीमा निर्धारण गरिनेछ ।

६. नेपालीले विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गरिनेछ ।

७. नेपाली सेनाको प्रधानसेनापति, नेपाल प्रहरीको महानिरीक्षक र सशस्त्र प्रहरी वल नेपालको महानिरीक्षक सम्बन्धित क्षेत्रबाट निर्वाचन गरी नियुक्ति गरिनेछ ।

८. विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष, रेक्टरलगायत मुख्य पदहरु सम्बन्धित क्षेत्रबाट निर्वाचन गरी नियुक्ति गरिनेछ ।

(८)

# नेपाल मजदुर किसान पार्टी

## संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७८
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१२२०७
इमेल : nwpp@ntc.net.np


च. नं.                                                  मिति : ..............................

९. विदेशी विश्वविद्यालयको सम्बन्धनका कलेजहरु नेपालमा संचालनमा रोक लगाइनेछ ।

१०. नक्कली शैक्षिक प्रमाणपत्र निर्माण गरी दिने र पेश गर्नेहरुलाई कडा कार्वाही गरिनेछ ।

११. उच्च शिक्षा प्राप्त जनशक्तिलाई विदेश पलायन हुनबाट रोक लगाइनेछ.।


१२. देशलाई नवउपनिवेशबाट जोगाउन र साँस्कृतिक, आर्थिक तथा राजनीतिक हस्तक्षेप रोक्न विदेशी राजदूतावासबाट विकास निर्माणमा सोभै हुने रकम र अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुमार्फत आउने सहयोगलाई सरकारमार्फत आउने व्यवस्था गरिनेछ ।

१३. सामाजिक न्याय र आर्थिक समानताको लागि देश र जनताको दैनिक जीवनसंग गाँसिएका मुख्य मुख्य उत्पादन तथा सेवाका साधनहरु राष्ट्रियकरण गरिनेछ ।

१४. जमीन जोत्नेलाई वितरण गरी कृषि उत्पादन बढाइनेछ ।

१५. निर्वाचनमा प्राप्त गरेको मतको आधारमा राजनीतिक दलको मान्यतासम्बन्धी कुनै शर्त राख्न नपाइने व्यवस्था गरिनेछ ।

(३)


नेपाल
प्रान्तहरुको नाम
१. मेची
२. कोशी
३. सगरमाथा
४. जनकपुर
५. बागमती
६. वारदुणी
७.गण्डकी
८. अन्नपूर्ण
९. लुम्बनी
१०. राप्ती
११. भेरी
१२. कर्णाली
१३. सेती
१४. महाकाली
प्रस्ताव : नेपाल मजदुर किसान पार्टी

(९०)

## अनुसूची-१
## संविधानसभा
## प्रस्ताव निर्माण समिति

**सभापति (जेष्ठ सदस्य)**
मा. श्री कुल बहादुर गुरुङ

| क.सं | नाम, थर |
|---|---|
| १ | मा. श्री अग्नि प्रसाद खरेल |
| २ | मा. श्री अतहर कमाल मुसलमान |
| ३ | मा. श्री अब्दुल रज्जाक गद्दी |
| ४ | मा. श्री उषा गुरुङ्ग |
| ५ | मा. श्री एक नाथ ढकाल |
| ६ | मा. श्री कर्ण बहादुर थापा |
| ७ | मा. श्री किरण यादव |
| ८ | मा. श्री कुन्ती कुमारी शाही |
| ९ | मा. श्री कुमार खड्का |
| १० | मा. श्री कृपासुर शेर्पा |
| ११ | मा. श्री कृष्ण भक्त पोखेल |
| १२ | मा. श्री गगन कुमार थापा |
| १३ | मा. श्री गंगा लाल तुलाधर |
| १४ | मा. श्री चन्देश्वर झा |
| १५ | मा. श्री चन्द्र प्रकाश (सीपी) मैनाली |
| १६ | मा. श्री चित्र बहादुर के.सी. |
| १७ | मा. श्री जय देव जोशी |
| १८ | मा. श्री दिपक वोहरा |
| १९ | मा. श्री दिल नाथ गिरी |
| २० | मा. श्री धनराज गुरुङ्ग |
| २१ | मा. श्री नरहरि आचार्य |
| २२ | मा. श्री पद्मम नारायण चौधरी |
| २३ | मा. श्री पूर्ण बहादुर खड्का |
| २४ | मा. श्री प्रकाश ज्वाला |
| २५ | मा. श्री प्रकाश शरण महत |

| क.सं | नाम, थर |
|---|---|
| २६ | मा. श्री प्रेम सुवाल |
| २७ | मा. श्री बिश्वेन्द्र पासवान |
| २८ | मा. श्री भानु भक्त ढकाल |
| २९ | मा. श्री भीम बहादुर रावल |
| ३० | मा. श्री भीष्म राज आङदेम्बे |
| ३१ | मा. श्री महालक्ष्मी उपाध्याय (डिना) |
| ३२ | मा. श्री महेश आचार्य |
| ३३ | मा. श्री मिनेन्द्र प्रसाद रिजाल |
| ३४ | मा. श्री मीन बहादुर विश्वकर्मा |
| ३५ | मा. श्री रमेश लेखक |
| ३६ | मा. श्री रविन्द्र अधिकारी |
| ३७ | मा. श्री डा. राजन भट्टराई |
| ३८ | मा. श्री राजेन्द्र प्रसाद पाण्डे |
| ३९ | मा. श्री राधेश्याम अधिकारी |
| ४० | मा. श्री राम कुमार सुब्बा |
| ४१ | मा. श्री राम कृष्ण यादव |
| ४२ | मा. श्री रामेश्वर फुयाल |
| ४३ | मा. श्री रोमी गौचन थकाली |
| ४४ | मा. श्री लालवावु प्रसाद यादव |
| ४५ | मा. श्री लोकमणी ढकाल |
| ४६ | मा. श्री शेरधन राई |
| ४७ | मा. श्री शेर बहादुर तामाङ्ग |
| ४८ | मा. श्री हरिचरण शाह * |
| ४९ | मा. श्री श्रीमाया थकाली |

| आमन्त्रीत | | |
|---|---|---|
| १. | मा. श्री चिनकाजी श्रेष्ठ | २. मा. श्री मिलनकुमारी राजवंशी |
| ३. | मा. श्री अनुराधा थापामगर | |

**सचिव**
श्री रामशरण घिमिरे

समिति गठन मिति : २०७१/१०/११

* मिति २०७१ माघ २२ गतेको संविधानसभाको वैठकवाट थप गरिएको ।

## अनुसूची-२

### संविधानसभा
### प्रस्ताव निर्माण समिति
### कार्यविधि निर्माण उपसमिति

| | | |
|---|---|---|
| १ | मा. श्री रमेश लेखक | संयोजक |
| २ | मा. श्री भानुभक्त ढकाल | सदस्य |
| ३ | मा. श्री दिलनाथ गिरी | सदस्य |
| ४ | मा. श्री दीपक बोहरा | सदस्य |
| ५ | मा. श्री अतहर कमाल मुसलमान | सदस्य |
| ६ | मा. श्री श्रीमायाँ थकाली | सदस्य |
| ७ | मा. श्री किरण यादव | सदस्य |

## अनुसूची-३

### संविधानसभा
### प्रँस्ताव निर्माण समिति
### प्रस्ताव मस्यौदा उपसमिति

| | | |
|---|---|---|
| १ | मा. श्री अग्निप्रसाद खरेल | संयोजक |
| २ | मा. श्री अतहर कमाल मुसलमान | सदस्य |
| ३ | मा. श्री उषा गुरुङ्ग | सदस्य |
| ४ | मा. श्री कुमार खड्का | सदस्य |
| ५ | मा. श्री कृष्णभक्त पोखरेल | सदस्य |
| ६ | मा. श्री चन्द्रप्रकाश (सी.पी) मैनाली | सदस्य |
| ७ | मा. श्री रमेश लेखक | सदस्य |
| ८ | मा. श्री राधेश्याम अधिकारी | सदस्य |
| ९ | मा. श्री श्रीमाया थकाली | सदस्य |

**अनुसूची-४**
## संविधानसभा
## प्रस्ताव निर्माण समिति
कार्यविधि, २०७१

संविधानसभा नियमावली,२०७० बमोजिम संविधान सभामा संविधान निर्माण सम्बन्धी निर्णय प्रक्रियालाई सहज बनाउन असहमति रहेका संविधानका अन्तरबस्तुमा प्रश्न सहितको प्रस्ताव तयार गरी पेश गर्ने प्रयोजनका लागि २०७१ साल माघ ११ गतेका दिन बसेको संविधानसभाको ९३ औं बैठकबाट सोही नियमावलीको नियम ९१ बमोजिम गठित यस **प्रस्ताव निर्माण समितिले** आफ्नो कार्य सम्पन्न गरी संविधानसभा समक्ष प्रतिवेदन पेश गर्न यो कार्यविधि बनाई लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"प्रस्ताव निर्माण समितिको कार्यविधि, २०७१"** रहेकोछ।
(२) यो कार्यविधि समितिबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **कार्यावधि : समितिको** कार्यावधी कार्य प्रारम्भ गरेको मितिले पाँच दिन हुनेछ।

३. **बैठक सञ्चालन** : (१) बैठकको अध्यक्षता सभापतिले गर्नेछ। निजको अनुपस्थितिमा निजले तोकेको सदस्यको अध्यक्षतामा वैठक सञ्चालन हुनेछ।
तर सभापति चयन नभएसम्म बैठकको अध्यक्षता समितिको जेष्ठ सदस्यले गर्नेछ।
(२) सभापति बाहेक कुनै सदस्यले समितिको बैठकको अध्यक्षता गर्दा सभापतिलाई भएको सबै अधिकार प्रयोग गर्न सक्नेछ।
(३) समितिको बैठक आवश्यकता अनुसार सभापतिको निर्देशनमा सूचिवले बोलाउने छ।
(४) वैठक तोकिएको मिति, स्थान र समयमा बस्नेछ।
(५) समितिको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ।
(६) समितिको बैठक सचिवालय हाता बाहिर बस्नु परेमा सभापति मार्फत संविधानसभाका अध्यक्षको पूर्व स्वीकृति लिनु पर्नेछ।

४. **संविधानसभाका अध्यक्षको उपस्थिति** : संविधानसभाका अध्यक्षले समितिको वैठकमा उपस्थित हुन र आवश्यक राय सुझाव दिन सक्नेछ।

५. **काम कारवाही गोप्य रहने** : आफूलाई सुम्पेको काम, कारवाहीको प्रकृति, महत्व र गाम्भीर्यलाई दृष्टिगत गरी समितिको काम कारवाही आवश्यकतानुसार गोप्य राख्न सकिनेछ।

६. **काम, कर्तव्य र अधिकार** : (१) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) संवैधानिक-राजनीतिक संबाद तथा सहमति समितिका प्रतिवेदनहरु अध्ययन गरी असहमति रहेका संविधानका अन्तरवस्तुहरु पहिचान गरी त्यस्ता विषयहरु निर्णयार्थ संविधानसभामा प्रस्तुत गर्न सहज हुने गरी प्रश्न सहितको प्रस्ताव तयार गरी सो सम्बन्धी प्रतिवेदन संविधानसभामा पेश गर्ने,
(ख) समितिले प्रश्न सहितको प्रस्ताव निर्माण गर्दा संविधानको अन्तरबस्तुमा रहेका असहमतिका विषयहरु, संविधान अभिलेख अध्ययन तथा निक्यौल समितिको प्रतिवेदन, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिका प्रतिवेदनहरुमा उल्लेखित असहमतिका विषयहरु, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिवाट प्रतिवेदन साथ संविधानसभामा प्रस्तुत गरिएका असहमतिका विषयमा विषयगत रुपमा विभिन्न राजनीतिक दल र माननीय सदस्यहरुवाट प्रस्तुत भएका संविधानका अन्तरबस्तु सम्बन्धि अवधारणा सहितका विषयहरुलाई आधार बनाउने,
(ग) समितिले आफ्नो कार्य सम्पादन गर्ने क्रममा विगतमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनहरुका भावना र सोवाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न सबै राजनीतिक दलहरुको सहमतिमा निर्माण भएको नेपालको अन्तरिम संविधान,२०६३ ले प्रत्याभूत गरी पहिलो संविधानसभाको प्रथम बैठकवाट पारित भएका संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता र समावेशिताको प्रतिकूल नहुने गरी असहमतिका विषयमा सैद्धान्तिक प्रश्नावली सहितको प्रस्ताव निर्माण गर्ने,

तर, संघीय लोकतान्त्रिक गणतन्त्र धर्म निरपेक्षता र समावेशिता वारे कुनै दल वा माननीय सदस्यको फरक मत भएमा त्यस्तो फरक मत प्रतिवेदनमा उल्लेख गर्न सकिनेछ ।

(घ) समितिको निर्णयानुसार अन्य आवश्यक कार्य गर्ने ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषय यसै बमोजिम र अन्य विषय संविधानसभा नियमावली,२०७० बमोजिम हुनेछ ।

७. **आमन्त्रित गर्न सकिने** : (१) सभापतिले संविधानसभाका अन्य माननीय सदस्य लगायत विषय सम्बद्ध व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) समितिले आवश्यक देखेका विशेषज्ञ सहितका संविधानसभा सचिवालयका अन्य कर्मचारीहरुको समेत सहयोग लिन सक्नेछ ।

८. **बैठकमा पालन गर्नु पर्ने नियम** : समितिका सदस्यले संविधानसभा नियमावली,२०७० को पालना गर्नु पर्नेछ ।

९. **समितिको प्रतिवेदन** : समितिले आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन सभामा पेश गर्नु पर्नेछ ।

१०. **कार्यविधिमा संशोधन** : समितिले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

**मिति : २०७१ माघ १८ गते**

अनुसूची-५
संविधानसभा

**असहमतिका विषय र प्रश्नावलीको संख्या सम्वन्धी विवरण**

| सि.नं | तत्कालीन संविधानसभाको समितिको नाम | असहमतिको विषय संख्या | मूल प्रश्न | वैकल्पिक प्रश्न | जम्मा प्रश्न संख्या |
|---|---|---|---|---|---|
| १. | संवैधानिक समिति | ४ | १५ | – | १५ |
| २. | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | १ | २ | – | २ |
| ३. | व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति | ६ | २१ | २६ | ४७ |
| ४. | संवैधानिक निकायको संरचना निर्धारण समिति | ४ | १४ | ७ | २१ |
| ५. | न्याय प्रणाली सम्वन्धी समिति | ८ | ३१ | ४ | ३५ |
| ६. | राज्यको शासकीय स्वरुप निर्धारण समिति | २ | ३७ | – | ३७ |
| ७. | राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति | ७८ | ७२ | ३ | ७५ |
| | जम्मा | १०३ | १९२ | ४० | २३२ |

अनुसूची-६
संविधानसभा
प्रस्ताव निर्माण समितिको बैठक सम्वन्धी विवरण

| बैठक संख्या | मिति | समय | बैठकमा भएको क्रियाकलाप र निर्णय |
|---|---|---|---|
| १ | २०७१/१०/१७ | ०१:०० बजे | १. संविधानका अन्तर्वस्तुमा रहेका असहमतिका विषयमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने प्रयोजनको लागि समितिको कार्यविधि बनाई पेश गर्न देहाय बमोजिमको कार्यविधि निर्माण उपसमिति गठन गर्ने :<br>१ मा. श्री रमेश लेखक संयोजक<br>२ मा. श्री भानुभक्त ढकाल सदस्य<br>३ मा. श्री दिलनाथ गिरी सदस्य<br>४ मा. श्री दीपक बोहरा सदस्य<br>५ मा. श्री अतहर कमाल मुसलमान सदस्य<br>६ मा. श्री श्रीमायाँ थकाली सदस्य<br>७ मा. श्री किरण यादव सदस्य<br>२. संविधान निर्माण सहमतिमा गर्ने उपयुक्त थलो संविधानसभा र यसका समितिहरु भएकोले यो बैठकले ए.ने.क.पा. (माओवादी) संवद्ध मोर्चालाई संविधानसभा र प्रस्ताव निर्माण समितिको बैठकमा सहभागि हुन आग्रह गर्ने । संविधानसभा र यसका समितिहरुमा सबै दलहरुको क्रियाशील सहभागिताले सहमतिको वातावरण निर्माण गर्न सहयोग पुऱ्याउने विश्वास रहेको भन्ने प्रस्ताव पारित भयो । |
| २ | २०७१/१०/१८ | ०१:०० बजे | १. समितिको मिति २०७१/१०/१७ गतेको बैठकले मा. श्री रमेश लेखकको संयोजकत्वमा गठन भएको ७ सदस्यीय कार्यविधि निर्माण उपसमितिले पेश गरेको कार्यविधि माथि छलफल गरी परिमार्जन सहित बहुमतले उक्त कार्यविधि पारित गरेको ।<br>२. समिति सचिवले संविधानमा भएका अन्तरवस्तुहरुमा रहेका असहमतिका विषयहरुको जानकारी गराएको । |
| ३ | २०७१/१०/१९ | ०८:३० बजे | संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिका प्रतिवेदनहरु अध्ययन गरी असहमति रहेका संविधानका अन्तरवस्तुहरु पहिचान गरी त्यस्ता विषयहरु प्रश्न सहितको प्रस्ताव निर्णयार्थ संविधानसभामा पेश गर्नुपर्ने भएकोले सो प्रयोजनको लागि समितिले बनाएको प्रस्ताव निर्माण समितिको कार्यविधि,२०७१ को अधिनमा रही प्रश्न सहितको प्रस्तावको मस्यौदा तयार गरी समितिमा पेश गर्न देहाय बमोजिमको प्रस्ताव मस्यौदा उपसमिति गठन गर्ने :<br>१० मा. श्री अग्निप्रसाद खरेल संयोजक<br>११ मा. श्री अतहर कमाल मुसलमान सदस्य<br>१२ मा. श्री उषा गुरुङ्ग सदस्य<br>१३ मा. श्री कुमार खड्का सदस्य<br>१४ मा. श्री कृष्णभक्त पोखरेल सदस्य<br>१५ मा. श्री चन्द्रप्रकाश (सी.पी.) मैनाली सदस्य<br>१६ मा. श्री रमेश लेखक सदस्य<br>१७ मा. श्री राधेश्याम अधिकारी सदस्य<br>१८ मा. श्री श्रीमाया थकाली सदस्य |
| ४ | २०७१/१०/२० | ०३:०० बजे | समितिको आजको वैठकमा प्रस्ताव मस्यौदा उपसमितिका संयोजक मा. श्री अग्निप्रसाद खरेलले तत्कालिन संविधानसभा अन्तर्गतको सवैधानिक समिति र मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको मस्यौदामा रहेका असहमतिको विषयमा उपसमितिले तयार गरेको प्रश्न सहितको प्रस्तावको प्रतिवेदन पेश गर्नुभएको । |
| ५ | २०७१/१०/२१ | ०३:०० बजे | १ तत्कालीन संवैधानिक समिति र मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनका अन्तर्वस्तुमा रहेका असहमतिका विषयमा तयार भएको प्रश्न सहितको प्रस्ताव सम्बन्धी प्रतिवेदन परिमार्जन सहित पारित गरी माथि छलफल भैसकेको |

| | | | |
|---|---|---|---|
| | | | प्रतिवेदनलाई संविधानसभामा पेश गर्ने निर्णय भयो ।<br>२ संविधानका अन्तर्वस्तुमा रहेका असहमतिका विषयमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने काम बाँकी नै रहेको भन्ने उपसमितिका संयोजकले जानकारी गराउनु भएकोले समितिको कार्यावधि पाँच दिन थप गर्न संविधानसभालाई अनुरोध गर्ने निर्णय भयो ।<br>३ उपसमितिको कार्यावधि समिति रहेसम्म रहने निर्णय भयो । |
| ६ | २०७१/१०/२३ | ०३:०० बजे | प्रस्ताव मस्यौदा उपसमितिका संयोजक मा. श्री अग्निप्रसाद खरेलले तत्कालीन संविधानसभा अन्तर्गत व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिका अन्तर्वस्तुमा रहेका असहमतिका विषयमा तयार गरेको प्रश्न सहितको प्रस्तावको पूरक प्रतिवेदन पेश गर्नुभयो । |
| ७ | २०७१/१०/२४ | ०३:०० बजे | १. प्रश्न सहितको प्रस्ताव निर्माण मस्यौदा उपसमितिले पेश गरेको व्यवस्थापिकीय अङ्गको स्वरुप र संवैधानिक निकायको संरचनाको संविधानका अन्तर्वस्तुमा रहेका असहमतिका विषय सम्वन्धी प्रश्न सहितको प्रस्तावको प्रतिवेदन माथि छलफल पश्चात उक्त प्रतिवेदनलाई पारित गरी संविधानसभामा पेश गर्ने निर्णय भयो ।<br>२. उपसमितिका संयोजक मा. श्री अग्निप्रसाद खरेलले न्याय प्रणाली सम्वन्धी र राज्यको शासकीय स्वरुप सम्वन्धी विषयमा तयार गरिएको प्रश्न सहितको प्रस्तावको प्रतिवेदन पेश गर्नुभयो । |
| ८ | २०७१/१०/२५ | ०३:०० बजे | १. प्रश्न सहितको प्रस्ताव निर्माण मस्यौदा उपसमितिले पेश गरेको राज्यको शासकीय स्वरुप र न्याय प्रणालीको संविधानका अन्तर्वस्तुमा रहेका असहमतिका विषय सम्वन्धी प्रश्न सहितको प्रस्तावको प्रतिवेदन माथि छलफल पश्चात उक्त प्रतिवेदनलाई पारित गरी संविधानसभामा पेश गर्ने निर्णय भयो ।<br>२. प्रस्ताव निर्माण उपसमितिका संयोजक मा. श्री अग्निप्रसाद खरेलले राज्यको पुन:संरचना तथा राज्यशक्तिको बाँडफाँड सम्वन्धी विषयमा तयार गरिएको प्रश्न सहितको प्रस्तावको प्रतिवेदन पेश गर्नुभयो । |
| ९ | २०७१/१०/२६ | ११:३० बजे | उपसमितिले पेश गरेको राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँडमा संविधानका अन्तर्वस्तुमा रहेका असहमतिका विषय सम्वन्धी प्रश्न सहितको प्रस्तावको प्रतिवेदन माथि छलफल भै उक्त प्रतिवेदनलाई पारित गरी संविधानसभामा पेश गर्ने निर्णय भयो । |

अनुसूची-७
संविधानसभा
कार्यविधि निर्माण उपसमितिको वैठक सम्वन्धी विवरण

| बैठक संख्या | मिति | समय | बैठकमा भएको क्रियाकलाप र निर्णय |
|---|---|---|---|
| १ | २०७१/१०/१७ | ०३:४५ बजे | उपसमितिको बैठकले प्रस्ताव निर्माणका सम्वन्धमा कार्यविधिको मस्यौदा तयार गर्नको लागि मा. संयोजकलाई सचिवालयसँग समन्वय गरी मस्यौदा तयार गरी भोलीको वैठकमा पेश गर्ने जिम्मेवारी दिने । |
| २ | २०७१/१०/१८ | ०९:०० बजे | बैठकले प्रस्ताव निर्माणका सम्वन्धमा कार्यविधिको मस्यौदा माथि विस्तृत छलफल गऱ्यो । उक्त मस्यौदा उपर सामान्य संशोधन गरी दोस्रो वैठकमा पेश गर्ने निर्णय गऱ्यो । |
| ३ | २०७१/१०/१८ | १२:१५ बजे | उपसमितिको दोस्रो बैठकमा प्रस्ताव माथि छलफल गरी सो कार्य विधिलाई प्रस्ताव निर्माण समितिको वैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गऱ्यो । |

अनुसूची-८

संविधानसभा

प्रस्ताव मस्यौदा उपसमितिको वैठक सम्वन्धी विवरण

| बैठक संख्या | मिति | समय | बैठकमा भएको क्रियाकलाप र निर्णय |
|---|---|---|---|
| १ | २०७१/१०/१९ | ०१:०० बजे | प्रस्ताव निर्माणका सम्वन्धमा समितिबाट पारित कार्यविधि भित्र रही असहमतिका विषयहरुमा प्रश्नावली सहितको प्रस्ताव तयार गर्ने सम्वन्धमा छलफल गऱ्यो । |
| २ | २०७१/१०/१९ | ०३:०० बजे | प्रस्ताव निर्माणका सम्वन्धमा सचिवालयमा उपलव्ध प्रतिवेदन लगायतका कागजातहरु तयार गरी अध्ययनको लागि आगामी वैठकमा पेश गर्ने निर्णय गऱ्यो । |
| ३ | २०७१/१०/२० | ०९:०० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समिति र मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य प्रारम्भ गऱ्यो । |
| ४ | २०७१/१०/२० | ०२:०० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको संवैधानिक समिति र मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य सम्पन्न भएकोले सोको प्रतिवेदन सहितको प्रस्ताव समितिको वैठकमा पेश गर्ने निर्णय गऱ्यो । |
| ५ | २०७१/१०/२० | ०४:३० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य प्रारम्भ भयो । |
| ६ | २०७१/१०/२१ | ०९:०० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने सम्वन्धी छलफल जारी रहेको । |
| ७ | २०७१/१०/२१ | ०२:०० बजे | १ तत्कालीन संविधानसभा अन्तर्गतको न्यायप्रणाली सम्वन्धी समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने विषयमा छलफल जारी रहेको ।<br>२ तत्कालीन संविधानसभा राज्यको शासकीय स्वरुप निर्धारण समिति तथा राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिका प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य सम्पन्न गर्न समायावधी नपुग भएको व्यहोरा समितिलाई अनुरोध गर्ने निर्णय भयो । |
| ८ | २०७१/१०/२२ | १०:३० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य प्रारम्भ भयो । |
| ९ | २०७१/१०/२२ | ०३:०० बजे | आज वसेको प्रस्ताव मस्यौदा उपसमितिको दोस्रो बैठकले तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने सम्वन्धी छलफल जारी रहेको । |
| १० | २०७१/१०/२३ | १०:०० बजे | तत्कालीन संविधानसभा अन्तर्गत व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिका अन्तर्वस्तुमा रहेका असहमतिका विषयमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य सम्पन्न भएकोले सोको प्रतिवेदन समितिको वैठकमा पेश गर्ने निर्णय भयो । |
| ११ | २०७१/१०/२३ | ०४:०० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको न्याय प्रणाली सम्वन्धी समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने सम्वन्धमा छलफल जारी रहेको । |
| १२ | २०७१/१०/२४ | ०९:०० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको शासकीय स्वरुप निर्धारण समिति र न्याय प्रणाली सम्वन्धी समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने सम्वन्धमा छलफल जारी रहेको । |

| | | | |
|---|---|---|---|
| १३ | २०७१/१०/२४ | ०२:०० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको न्याय प्रणाली सम्वन्धी समिति र राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्तावलाई अन्तिम रुप दिई सोको पूरक प्रतिवेदन समिति समक्ष पेश गर्ने निर्णय भयो । |
| १४ | २०७१/१०/२४ | ०४:३० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य जारी रहेको । |
| १५ | २०७१/१०/२५ | ०९:३० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य जारी रहेको । |
| १६ | २०७१/१०/२५ | ०२:३० बजे | तत्कालीन संविधानसभा अन्तर्गतको राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रारम्भिक मस्यौदामा रहेका असहमतिका विषयहरुमा प्रश्न सहितको प्रस्ताव तयार गर्ने कार्य सम्पन्न भएकोले सोको प्रतिवेदन सहितको प्रस्ताव समितिको वैठकमा पेश गर्ने निर्णय भयो । |

अनुसूची-९
संविधानसभा
प्रस्ताव निर्माण समितिको कार्यमा संलग्न कर्मचारीहरु

| क.स. | पद | नाम, थर |
|---|---|---|
| १. | महासचिव | श्री मनोहरप्रसाद भट्टराई |
| २. | सचिवालय सचिव | श्री ठाकुरप्रसाद बराल |
| ३. | समिति सचिव | श्री रामशरण घिमिरे |
| ४. | सहसचिव | श्री मुकुन्दप्रसाद शर्मा |
| ५. | सहसचिव (विषयविज्ञ) | श्री टेकप्रसाद ढुंगाना |
| ६. | सहसचिव (कानून) | डा. रवीशर्मा अर्याल |
| ७. | उपसचिव | श्री वंशीराज पौडेल |
| ८. | शाखा अधिकृत | श्री रामकुमार पौडेल |
| ९. | ना.सु. | श्री लालबहादुर चौहान |
| १०. | क.अ. | श्री जगदिश न्यौपाने |
| ११. | खरिदार | श्री रस्मी धिमाल |
| १२. | का.स. | श्री इन्दिरा चौलागाईं |
| १३. | का.स. | श्री अस्मीता दाहाल |

मुद्रणतर्फ

| क.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री जगदिश्वरलाल श्रेष्ठ |
| २. | सिनियर प्रेस टेक्निसीयन | श्री गम्भिरमान सिंह |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री राजेन्द्रप्रसाद लामिछाने |
| ४. | सिनियर प्रेस टेक्निसीयन | श्री प्रेमबहादुर चन्द |
| ५. | सिनियर प्रेस टेक्निसीयन | श्री रोवन प्रजापति |
| ६. | प्रेस टेक्निसीयन | श्री कृष्णकला पौडेल |
| ७. | प्रेस टेक्निसीयन | श्री माधव पौडेल |
| ८. | कार्यालय सहयोगी | श्री मदन गिरी |

फोटोकपी तर्फ

| क.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री बाबुराजा महर्जन |
| २. | मुद्रण अधिकृत | श्री सागरकुमार तुलाधर |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री हरिश्चन्द्र भण्डारी |